# ख्रीष्टमा नयाँ जीवनको आरम्भ

Christy Akins Brawner

## विषय सूची


| पाठ | | पृष्ठ |
|---|---|---|
| पाठ १ | | |
| | येशूको पहिलो र दोस्रो आगमन | १ |
| | आत्मिक सत्यताहरु | ५ |
| पाठ २ | | |
| | येशू मिश्र देशमा र उहाँको बप्तिस्मा | ८ |
| | आत्मिक सत्यताहरु | १२ |
| पाठ ३ | | |
| | ख्रीष्टको परीक्षा | १५ |
| | आत्मिक सत्यताहरु | १८ |
| पाठ ४ | | |
| | मानिसमा भएको डरलाई निकालिदिनु | २४ |
| | आत्मिक सत्यताहरु | २८ |
| पाठ ५ | | |
| | प्रेम – ख्रीष्टको सांसारिक सेवकायीको अर्थ | ३३ |
| | आत्मिक सत्यताहरु | ३८ |
| पाठ ६ | | |
| | धोका र क्षमा | ४२ |
| | आत्मिक सत्यताहरु | ४७ |
| पाठ ७ | | |
| | ख्रीष्टलाई क्रूसमा टाँगिएको घट्ना | ५१ |
| | आत्मिक सत्यताहरु | ५६ |
| पाठ ८ | | |
| | ख्रीष्टको पुनरुत्थान | ५९ |
| | आत्मिक सत्यताहरु | ६३ |


**पाठ १**

# येशूको पहिलो र दोस्रो आगमन

**(मत्ती १–२४)**

**"यसकारण जागा रहो, किनकि कुन दिन तिमीहरुका प्रभु आउनेछ । सो तिमीहरु जान्दैनौ । यसकारण तिमीहरु पनि तयार रहो, किनकि मानिसको पुत्र तिमीहरुले नचिताएको बेला आउनेछ" (मत्ती २४:४२, ४४)।**

- यदि असम्भव भए सबैले कापी र कलम लिएर अध्ययनका लागि आए लाभ हुन्छ ।

जुन समय रोमी मानिसहरुले संसारमा शासन गरिरहेका थिए त्यति बेला त्यहाँ इस्रायलमा एक जवान कन्य केटी थिइन्, जसको नाम मरियम थियो । तिनको मगनी योसेफसँग भएको थियो । तर विवाह गर्नुभन्दा पहिले योसेफले तिनी गर्भवती छिन् भन्ने थाहा पाएपछि उनले आफ्नो मगनी तोडने विचार गरे । एकरात उनले मरियमको वदनाम नहुने तरिकाले यसरी चुपचापसँग छोड्ने विचार गरे । तर यी कुराहरु सोच्दासोच्दै परमेश्वरका एक स्वर्गदूत आएर उनलाई यसो भने, "मरियमलाई आफ्नो पत्नी तुल्याउन नडराऊ किनकि जो तिनको गर्भमा छन्, उहाँ पवित्र र पवित्र आत्माबाटको हुनुहुन्छ । तिनले प्रतिज्ञा गरिएको पुत्रलाई जन्म दिनेछिन्, जो यशैया भविष्यवक्ताद्वारा भनिएको थियो । र तिनले एउटा छोरो जन्माउनेछिन् र उनको नाउँ इम्मानुएल हुनेछ, जसको अर्थ हो : परमेश्वर हामीहरुसित ।"

योसेफले स्वर्गदूतले भनेका कुरा विश्वास गरे र मरियमलाई आफ्नी पत्नी तुल्याए । तर येशूको जन्म नभएसम्म तिनीहरुले आपसमा यौन सम्बन्ध राखेनन् । यसरी नै उहाँको जन्म भयो । योसेफले उहाँको नाउँ येशू राखे ।

*येशूको जन्मको बारेमा धेरै ठाउँमा बताइएको थियो । उहाँको जन्मको बारेमा धेरै पहिले नै लेखिएको थियो र यसरी नै मृत्यु र पुनरुत्थानको बारेमा पनि । उहाँ को हुनुहुन्थ्यो र उहाँले के गर्नुहुन्थ्यो भन्नेबारे येशू स्वयम्ले नै धेरै भविष्यवाणीहरु गर्नुभयो । उहाँका केही भविष्यवाणीहरु र पुरानो करारका अन्य भविष्यवाणीहरु अझै पूरा भएका छैनन् । यीमध्ये एक भविष्यवाणी यो पनि हो कि उहाँ दोस्रो पल्ट पृथ्वीमा आउनुहुनेछ । उहाँ पहिले आउनुहुँदा नम्र बनेर एक दु:ख उठाउने दास जस्तो भएर आउनुभयो, तर बाइबलले बताउँछ कि उहाँको दोस्रो आगमन पहिलो भन्दा धेरै फरक हुनेछ ।*

जैतुन डाँडामा उहाँले आफ्नो चेलाहरुलाई आफू फेरि आउने बारेमा बताउनुभयो । तब तिनीहरुले उहाँलाई सोधे, "संसारको अन्त्य र तपाईको दोस्रो आगमनको चिन्ह के हुन्छ ?"

तब येशूले जवाफ दिनुभयो, "होशियार बस, ता कि कसैले तिमीहरुलाई भ्रममा नपारोस् ।" उहाँले भन्नुभयो : यस्तो हुन्छ कि धेरै जनाले 'म खीष्ट हुँ" भन्दै आउनेछन् । धेरैले यी झूटा अगमवक्ताहरुलाई विश्वास गर्नेछन् अनि त्यो समयमा विभिन्न जातिहरुबीच संसारभरि धेरै झै-झगडा हुनेछ । मुख्य गरी यो चार कुरा चाहिँ उहाँ आउनुअघि हुनेछ । झगडा, अनिकाल, बिमारी र भैंचालो । तर यी सबै कुराजहरु चाहिँ शुरुआत मात्र हुन् । जगतको अन्त्यअघि यो बढेर धेरै दु:ख आउँछ ।

मानिसले येशूमाथिको तिनीहरुको विश्वासको कारण एक-अर्कालाई धोका दिनेछन्, हत्या गर्नेछन्, एक-अर्कालाई घृणा गर्नेछन् । धेरै झूटा भविष्यवक्ताहरुले मान्छेलाई भरमाउनेछन्, ठग्नेछन् । अधर्म बढ्दै जानेछ, एक-अर्काप्रतिको प्रेम सेलाउनेछ । यी सबै हुँदाहुँदै पनि खीष्टको सुसमाचार लगातार प्रत्येक जाति, देशबीच फैलनेछ । अनि मात्र अन्त्य हुनेछ । त्यहाँ पूरा संसारभरि महासङ्कटकाल र दु:ख हुनेछ । अनि यदि धर्मी मानिसहरुको कारण महासङ्कटकालको दिन नघटेमा पूरा मानिस जाति नै खत्तम हुनेछ ।

यसकारण झूटा भविष्यवक्ताहरु र झूटा खीष्टहरुमाथि विश्वास नगर्नु जसले ठाउँ-ठाउँमा गएर विभिन्न आश्चर्यकाम र चिन्ह देखाउँछन् । यी झूटा आगमवक्ताहरु र झूटा खीष्टहरुले मानिसलाई धोका दिने प्रयास गर्नेछन् । तिनीहरुलाई पनि भर्माउनेछन् जसले आफ्नो जीवन येशू खीष्टलाई सुम्पिएका हुन्छन् ।



अनि पूर्वबाट पश्चिमसम्म जसरी विजुली चम्कन्छ त्यसरी नै खीष्ट (मानिसको पुत्र) को आगमन हुन्छ । महासङ्कटकाल पनि सूर्य अन्धकारमा परिवर्तन हुनेछ , चन्द्रमाले आफ्नो प्रकाश दिँदैन । आकाशका तारागण तल खस्नेछन् । स्वर्गका शक्तिहरु हल्लिनेछन् । तब संसारका सब जातिहरुले शक्ति पाउनेछन् र तिनीहरुले मानिसको पुत्रलाई महिमा र सामर्थ्य सहित शक्तिशाली रुपमा बादलमाथि आइरहेको देख्नेछन् र उहाँले आफ्ना स्वर्गदूतहरुलाई पठाउनुहुन्छ र स्वर्गदूतहरुले तुरहीको आवाजमा तिनीहरुलाई चारैतिरबाट भेला गर्नुहुन्छ । उहाँको दोस्रो आगमनको विषयमा कसैलाई थाहा छैन, तर स्वयम् परमेश्वर पितालाई मात्र थाहा छ । यसकारण तपाई तयार रहनुहोस् किनकि यो समयको विषयमा कसैलाई जान्न दिइएको छैन ।

## मौखिक प्रश्नहरु :

१. येशू खीष्ट कुन देशमा जन्मनुभएको थियो ?

२. प्रभु येशूको सांसारिक बुबा-आमाको नाउँ के थियो ?

३. प्रभु येशूको प्रथम आगमनमा कुन चाहिँ घटना आश्चर्यजनक थियो ?

४. यशैया भविष्यवक्ताले यसरी भविष्यवाणी गरे कि, कन्याद्वारा उहाँको जन्म हुनेछ र उहाँको नाम इम्मानुएल राखिनेछ, जसको अर्थ ". . . . . . . . . . . . . . . ." हो ।

५. येशू जैतुन डाँडामाथि हुनुहुँदा, चेलाहरुले उहाँलाई के प्रश्न सोधे ?

६. तिनीहरु कस्तो प्रकारका मानिसहरुका भ्रममा नपरुन् भनी येशूले तिनीहरुलाई होशियार हुनको लागि भन्नुभयो ?

७. येशूले चार भयानक कुराहरुको बारेमा भन्नुभयो जो उहाँ संसारमा आउनुभन्दा अगाडि हुनेछन् । ती घटनाहरु झ . . ., अ . . ., बि . . ., र भैं . . . हुन् ।

९. येशूले भन्नुभयो : उहाँका विश्वासीहरुले उहाँलाई विश्वास गरेको कारण धेरै दु:ख पाउनेछन् । मानिसहरुले एक-अर्कालाई गर्ने केही कार्यहरु के-के हुन् ?

१०.झूटा भविष्यवक्तासँग कस्तो प्रकारका काम गर्ने शक्ति हुन्छ भनी येशूले भन्नुभयो जसले येशूलाई विश्वास गर्नेहरुलाई पनि मूर्ख बनाइदिन्छन् ?

११. येशूले उहाँको आगमन प्रकृतिको कुन घट्ना जस्तो हुन्छ भनी भन्नुभयो ?

१२. उहाँको आगमनमा सूर्य, चन्द्र, तारामा के हुन्छ ?

१३. परमेश्वरका मानिसहरु कहाँ भेला हुन्छन् ?

१४. येशूको दोस्रो आगमनको बारे कसलाई मात्र थाहा छ ?

१५. यदि कुनै व्यक्तिले येशूको नाउँमा नभएका आश्चर्यकर्महरु गर्दछ वा आफूलाई खीष्ट हुँ भनी दाबी गर्दछ भने, मैले कस्तो व्यवहार गर्नुपर्दछ ?

# आत्मिक सत्यताहरू

## मत्ती १-२४

१. जसरी येशू पहिलो चोटी भविष्यवाणी पूरा गर्न आउनुभयो, फेरि उहाँ शान्ति र महामहिमासाथ आउनुहुनेछ। संसारमा धेरै झूटा धर्म, धेरै झूटा भविष्यवक्ताहरु छन् जसले आफूलाई परमेश्वर भनी दाबी गर्दछन्। जब येशू फेरि आउनुहुन्छ, त्यसपछि उहाँ को हुनुहुन्छ भन्ने कुरामा शङ्का हुँदैन। बाइबलले भन्दछ, हरेकले घुँडा टेक्नेछ र हरेक जीब्रोले येशू खीष्ट नै प्रभु हुनुहुन्छ भनी स्वीकार गर्दछ। यदि कोही हामीकहाँ आएर म नयाँ भविष्यवक्ता हुँ, म खीष्ट हुँ वा म देवता हुँ भन्छ भने ती सबै झूटा हुन्।

२. उहाँले आफ्ना मानिसहरु पृथ्वीको ओल्लो छेऊदेखि पल्लो छेऊसम्म भेला गर्नुहुनेछ।

- ❖ येशूले आउँछु भनी प्रतिज्ञा गर्नुभएको थियो र आउनु पनि भयो। उहाँले फेरि आउँछु भनेर प्रतिज्ञा गर्नुभएको छ, र उहाँ आउनुहुनेछ। उहाँले आफ्ना सम्पूर्ण चेलाहरुलाई भेला गर्ने प्रतिज्ञा गर्नुभएको छ र उहाँले गर्नुहुनेछ।
- ❖ यदि हामीले उहाँलाई हाम्रो जीवनमा आउन दियौं र हाम्रो मन उहाँलाई दियौं भने, उहाँले हामीलाई कहिल्यै पनि नछोड्ने र नत्याग्ने प्रतिज्ञा गर्नुभएको छ। हामीले पाप गरे तापनि आफ्नो प्रतिज्ञा हामीमा पूरा गर्न परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। हामी जे भए तापनि, हामीले जे गरे तापनि उहाँले त्यसको वास्ता गर्नुहुन्न। तर यदि हामीले हाम्रो जीवन उहाँलाई दिन्छौं भने, उहाँले हामीलाई उहाँसँग स्वर्गमा लैजानुहुनेछ र उहाँको दोस्रो आगमनको समयमा हामीले उहाँलाई स्वर्गमा भेट्नेछौं।

३. उहाँका चेलाहरुले उहाँलाई पछ्याएको कारण सतावट र दुःख भोग्नेछन्।

बाइबलले सिकाउँदछ, कि संसारको अन्त्यतिर मानिसहरुको दुष्टता बढेर जानेछ । तिनीहरुको घृणा बढ्छ, तिनीहरुले हत्या गर्नेछन् र एक-अर्कालाई धोका दिनेछन् । बाइबलले सिकाउँदछ कि येशूको पछि लाग्नेलाई वा उहाँलाई विश्वास गर्नेहरुलाई धेरैले घृणा गर्नेछन् र दुर्व्यवहार गर्नेछन् । सायद येशूमा विश्वास गर्नुभएको कारण मानिसहरुले तपाईसँग अर्कै व्यवहार गरेको अनुभव तपाईसँग पहिले नै हुन सक्दछ । तपाईले आफ्नो जीवनमा येशूलाई बोलाउनुभएपछि वा उहाँलाई विश्वास गर्नुभएपछि मानिसहरुले तपाईसँग कस्तो व्यवहार गरेका छन् ? तपाईले येशूलाई विश्वास गर्नुभएपछि के तपाईको परिवार वा नजिकको साथी वा कसैले तपाईसँग मित्रता छुटाएका छन् वा विश्वासघात गरेका छन् ?

बाइबलले भन्दछ, त्यस्ता मानिसहरुलाई हामीले प्रेम गर्नुपर्छ (मत्ती ५:४३-४८) । हामीलाई चोट पुऱ्याउने र घृणा गर्नेहरुलाई हामीले प्रेम गर्नुपर्छ । हामीले उनीहरुलाई प्रेम गर्नुपर्छ र उनीहरुको लागि प्रार्थना गर्नुपर्छ । येशूले यही व्यवहार उहाँलाई चोट पुऱ्याउनेहरु र धोका दिनेहरुसँग गर्नुभयो । उहाँका अनुयायी भएको कारणले हामीले उहाँको प्रेमको उदाहरणलाई पछ्याउनुपर्छ । खष्टि येशूलाई विश्वास गर्दा सतावट र दुःख भोग्नेहरुको लागि विशेष आशिष राखिएको छ भनी बाइबलले भन्दछ । वास्तवमा तिनलाई आनन्द मान्न बाइबलले सिकाउँछ किनभने यो चाहिँ हामीले तिर्नुपर्ने मोल योग्यको हुनेछ ।

➢ यस सेवालाई हामीले प्रार्थना सहित अन्त्य गरौं । येशूलाई विश्वास गरेपछि हामीले गरेको अनुभव एकले अर्कोलाई भनौं । त्यो कथा राम्रो हुन पनि सक्छ, नहुन पनि सक्छ । तपाईहरुमध्ये कसैले येशूलाई ग्रहण गरेपछि दुःख भोग्नुभएको छ ? ती मानिसहरुको लागि प्रार्थना गरौं ।

➢ तर हामीले प्रार्थना गर्नुभन्दा अगाडि, आफूसँग भएका कागजको सानो टुक्रामा आफ्नो समूहका सदस्यहरुका नाउँहरु छुट्टाछुट्टै पन्नाको माथिपट्टि लेख्नुहोस् । प्रत्येक नाउँको तल हामीले प्रत्येक व्यक्तिका प्रार्थनाका विषयहरु लेख्नेछौं । हामीले प्रत्येक व्यक्तिका प्रार्थनाका विषयहरुलाई स्मरण गरौं । खीष्टलाई ग्रहण नगरेका हामीले चिन्ने व्यक्तिहरुको पनि नाउँहरु लेखौं र त्यसलाई आपसमा बाडौं ता कि हाम्रा साथीहरु र प्रियजनहरुको निम्ति लड्ने युद्धमा हामीले हाम्रा साथीहरुलाई सहायता गर्न सकौं ।



➢ यस हप्ताभरि नै हामीले एक-अर्काको लागि लगातार प्रार्थना गर्नेछौं र यो प्रार्थनाको विषय लेखिएको कापीको पाना आफूसँग सुत्नेकोठामा राख्नुहोस् । तपाई सुत्नुभन्दा अगाडि वा उठ्नभएपछि, त्यसलाई लिनुहोस् र एक-अर्काको लागि प्रार्थना गर्नुहोस् ।

➢ उहाँको प्रतिज्ञाको लागि धन्यवाद दिँदै यस सभालाई अन्त्य गरौं । हामीलाई पापबाट छुट्कारा दिन उहाँ पहिलो चोटी संसारमा आउनुभएको कुरालाई विचार गरौं र उहाँले दोस्रो चोटी आउँछु भन्नुभएको प्रतिज्ञालाई याद गरौं । यो हप्ताभरि नै एक-अर्काको लागि प्रार्थना गर्न सकौं भनेर उहाँसँग सहायता मागौं ।

## पाठ २

# येशू मिश्र देशमा र उहाँको बप्तिस्मा

(मत्ती २-३)

**"अनि येशू बप्तिस्मा लिएर तुरुन्तै पानीबाट माथि निस्कनुभयो, अनि स्वर्ग उघ्रियो र उहाँले परमेश्वरका आत्मालाई ढुकुरझैं ओर्लिरहनुभएको र आफूमाथि आइरहनुभएको देख्नुभयो र स्वर्गबाट यो वाणी आयो 'यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रशन्न छु' ।" (मत्ती ३:१६-१७)।**

## पुनरावलोकन

१. येशूको आमाको नाम . . . . . . . थियो ।

२. भविष्यवक्ता यशैयाले येशूको नाम इम्मानुएल राखिनेछ भने, जसको अर्थ परमेश्वर . . . . . . . . . हो ।

३. जैतुन डाँडामा जब उहाँका चेलाहरुले उहाँलाई उहाँको दोस्रो आगमनको बारेमा सोधे, येशूले भन्नुभयो कि तिनीहरु . . . . . . . . . द्वारा धोका नपाउन होशियार हुनुपर्दछ ।

४. धेरै जना आउनेछन् र म नै . . . हुँ भनी दाबी गर्नेछन् भनी येशूले भन्नुभयो ।

५. येशूले भन्नुभयो : संसारमा भयानक घटनाहरु घट्नेछन् जस्तै भ . . ., अ . . ., बि . . ., र भैं . . . ।

६. येशूले भन्नुभयो : उहाँलाई विश्वास गर्नेहरुले दुःख पनि भोग्नुपर्छ, किन ?

७. उहाँको आगमन प्रकृतिको कस्तो घटनाजस्तो हुन्छ भनी येशूले भन्नुभयो ?

८. स्वर्गदूतहरुले परमेश्वरका जनहरुलाई कहाँ भेला गर्नेछन् ?





९. येशू ख्रीष्टको दोस्रो आगमनको बारेमा जान्ने एक मात्र व्यक्ति को हुनुहुन्छ ?

१०. यदि कुनै व्यक्तिले येशूको नाउँमा नभएका आश्चर्यकर्महरु गर्दछ वा आफूलाई ख्रीष्ट हुँ भनी दाबी गर्दछ भने, मैले कस्तो व्यवहार गर्नुपर्दछ ?

११. यदि कसैले प्रभुको कारण मेरो खिसी गर्दछ भने, मैले आफैलाई . . . सम्झनुपर्छ ।

१२. मसँग दूर्व्यवहार गर्नेहरुसँग मैले राम्रो व्यवहार गर्नुपर्छ किनभने येशूले . . . गर भन्नुभयो ।

येशूको जन्म बेतलहेममा भएको थियो, पूर्वबाट केही ज्ञानी मानिसहरु उहाँलाई भेट्न आए । ती मानिसहरु तारालाई पछ्याउँदै त्यहाँ आइपुगेका थिए । तिनीहरु यरुशलेम पुगेपछि हेरोद राजालाई सोधे, इस्रायलको राजाको जन्म कहाँ भएको छ ? किनभने हामीले आकाशमा उहाँको तारा देख्यौं ।

यो सुनेर हेरोद झस्किए र सारा यरुशलेममा खेलाबैला मच्चियो । अनि हेरोदले आफ्ना धार्मिक सल्लाहकारहरुलाई बोलाएर गोप्य सभाको आयोजना गरे । उनले तिनीहरुलाई सोधे, धर्मशास्त्रमा यहूदीहरुका राजाको जन्म कहाँ हुनुपर्छ भनेर लेखिएको छ ? अनि तिनीहरुले उनलाई भने धर्मशास्त्रअनुसार बालकको जन्म बेतलहेममा हुनुपर्छ ।

हेरोदले तिनीहरुलाई त्यहाँ पठाए । उनको दरवार छोड्नुअघि, उनले ती ज्ञानी मानिसहरुलाई तिनीहरुले पहिलो चोटी तारा कहिले देखेका थिए भनी सोधे, ता कि यसबाट उनले त्यस बालकको उमेर थाहा पाउन सकून् ।

अनि ती ज्ञानी मानिसहरुले बेतलहेमको यात्रा शुरु गरे । येशू रहनुभएको घरमा पुऱ्याउनको लागि ताराले तिनीहरुलाई अगुवाइ गरिरहेको थियो । त्यहाँ पुगेपछि तिनीहरुले बालक येशूलाई दण्डवत गरे र आफ्नो कन्तुर खोलेर उहाँलाई सुन, सुगन्धित धुप र मुर्रका भेटी चढाए । तिनीहरुले घर फर्किनुभन्दा अगाडि परमेश्वरबाट दर्शन पाए, त्यस दर्शनमा तिनीहरुलाई यरुशलेमको बाटो हेरोदकहाँ नफर्किनु भन्ने चेतावनी दिइएको थियो । अनि तिनीहरु अर्कै बाटो भएर आफ्नो देशमा फर्के ।

परमप्रभुका एउटा दूत सपनामा योसेफकहाँ देखापरे र तिनले उनलाई यसो भने, उठ, साना बालक र उहाँकी आमालाई साथमा लिएर मिश्रमा भागिहाल र मैले तिमीलाई फेरि केही नभनेसम्म त्यहीँ बस किनकि हेरोदले बालकलाई मार्ने प्रयत्न गर्नेछ भन्ने पुरानो करारको भविष्यवाणी पूरा भएको हो ।

हेरोदले बालकलाई मार्न चाहन्थे । उनले बेथलेहेम र वरिपरीका गाउँमा भएका २ वर्षसम्मका सबै बालकहरुलाई मार्ने आदेश दिए ।

हेरोदको मृत्युपछि योसेफले इस्रायलमा फर्किजानु भन्ने परमेश्वरबाट दर्शन पाए । उनले परमेश्वरको आज्ञा माने । उनी यहूदीयाको उत्तरी प्रान्त गालील भन्ने ठाउँको नासरत शहरमा रहन थाले ।

ती दिनहरुमा बप्तिस्मा दिने यूहन्ना नाम भएका मानिस यहूदीयाको उजाड स्थानमा प्रचार गर्दै बस्थे । उनले पश्चाताप गर किनभने परमेश्वरको राज्य नजीक आएको छ भन्ने सन्देश प्रचार गर्थे । उनले ऊटका रौंको वस्त्र लगाउँथे र कम्मरमा छालाको पटुका बाँध्थे । तिनको खानेकुरा सलह र बनमह थियो ।

यरुशलेम र सबै यहूदीया र यर्दन वरिपरीका इलाकाका सबै मानिसहरु तिनीकहाँ आए र आफ्ना पाप स्वीकार गर्दै यर्दन नदीमा तिनीबाट बप्तिस्मा लिन लागे । तर फरिसीहरु र सदुकीहरुमध्ये धेरैजना उनको सन्देश सुन्नलाई आए । तिनीहरुलाई बप्तिस्मा दिने यूहन्नाले सर्पका बच्चाहरु भन्दछन् किनभने तिनीहरुले आफ्नो धर्म र परम्परामा विश्वास राख्थे तर तिनीहरुको पापको पश्चाताप गर्नुपर्ने कुरामा विश्वास गर्दैनथे ।

बप्तिस्मा दिने यूहन्नाले उनीपछि आउनुहुने बारेमा प्रचार गर्थे जसले पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुन्थ्यो । उनले भने, उहाँले मानिसहरुलाई २ भागमा विभाजन गर्नुहुनेछ । आफ्नो विश्वास उहाँमाथि राख्नेहरु उहाँका लागि हुनेछन् र जसले उहाँलाई विश्वास गर्दैनन् तिनीहरु कहिल्यै ननिभ्ने आगोमा जानेछन् ।

तब येशू गालीलबाट यूहन्नाकहाँ तिनीद्वारा बप्तिस्मा लिन यर्दनमा आउनुभयो । यूहन्नाले यसो गर्न मानेनन् किनभने उनले आफूलाई अयोग्य ठान्थे । अनि येशू बप्तिस्मा लिएर तुरुन्तै पानीबाट माथि निस्कनुभयो । अनि



स्वर्ग उघ्रियो र उहाँले परमेश्वरको आत्मालाई ढुकुर झैं अर्लिरहनुभएको देख्नुभयो । तब स्वर्गबाट यो वाणीआयो, 'यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रशन्न छु ।'

## मौखिक प्रश्नहरु :

१. येशूलाई भेट्न कस्ता मानिसहरु आए र तिनीहरुले उहाँलाई के चढाए ?

२. कुन शहरमा तिनीहरु पहिले रोकिए र कोसँग कुरा गरे ?

३. परमेश्वरले योसेफलाई किन मिश्र देश जान भन्नुभयो ?

४. हेरोदको मृत्युपछि योसेफ कहाँ गए ?

५. बप्तिस्मा दिने यूहन्नाले कहाँ प्रचार गर्थे ?

६. उनी कस्ता देखिन्थे ?

७. मानिसहरुका लागि उनको सन्देश कस्तो थियो ?

८. आफ्नो पाप स्वीकार गर्नेहरुका लागि के भयो ?

९. बप्तिस्मा दिने यूहन्नाले फरिसीहरु र सदुकीहरुलाई किन सर्पका बच्चाहरु भने ?

१०. यूहन्नाले उनीपछि आउने उनीभन्दा महान हुनुहुन्छ भनी प्रचार गरे । उनले भने, उहाँले नै संसारका मानिसहरुलाई विभाजन गर्नुहुनेछ । कसरी ?

११. यूहन्नाद्वारा बप्तिस्मा लिन गालीलबाट को आयो ?

१२. यूहन्ना येशूलाई बप्तिस्मा दिनलाई अयोग्य हुँदा पनि येशूले उनलाई बप्तिस्मा दिन कर गर्नुभयो । येशूले त्यसो गर्नुको कारण के थियो ?

१३. येशू पानीबाट माथि निस्कनुभएपछि के भयो ?

# आत्मिक सत्यताहरु

## मत्ती २-३

१. जब हामीले परमेश्वरको आज्ञाहरु पूर्ण रुपमा पालन गर्दछौं, तब हामीले उहाँका उत्तम कुराहरुको मात्र अनुभव गर्न सक्दछौं र परमेश्वरले योसेफलाई धेरै कुराहरु गर्न भन्नुभयो र उनले सबै काम गरे । मरियम गर्भवती हुँदाहुँदै पनि परमेश्वरको आज्ञा मानेर योसेफले उनीसँग विवाह गरे । उनले परमेश्वरमाथि भरोसा गरे यद्यपि मरियम कसरी गर्भवती भएकी थिइन् भन्ने कुरा बुझ्न उनको निम्ति असम्भव थियो । फेरि उनलाई परमेश्वरले बेतलहेम छोडेर मिश्र देशमा जान भन्नुभयो । मिश्र देश उनीहरुका लागि विदेश थियो र त्यहाँ उनीहरुले अर्को भाषा बोल्नुपर्दथ्यो । त्यहाँको रहन-सहन फरक थियो । त्यहाँ झूटा देवताहरु पुज्नुपर्दथ्यो । यस्तो ठाउँमा सानो बालक र सुत्केरी श्रीमतीसँग जानु सजिलो थिएन । तैपनि उनले आज्ञाकारी हुन रोजेका कारण येशूको शरीर बाँच्यो ।

जसरी परमेश्वरको विशेष योजना योसेफको जीवनमा थियो, त्यसरी नै हामी प्रत्येकको निम्ति परमेश्वरको विशेष योजना छ । बाइबलले भन्दछ कि जब हामी आमाको गर्भमा थियौं, त्यही समयदेखि नै परमेश्वरले हामीलाई चिन्नुहुन्छ । हाम्रा बालबच्चाहरुसाग हामीले परमेश्वरका उत्तम कुराहरुको अुनभव गर्न चाहन्छौं भने परमेश्वरले हामीलाई दिनुभएको आज्ञा होशियारीका साथ पालन गर्नुपर्छ । बाइबलले सिकाउँदछ कि जब हामी प्रार्थना गर्दछौं र बाइबल पढ्दछौं तब परमेश्वर हामीसँग बोल्न, कुरा गर्न चाहनुहुन्छ । उहाँले हामीलाई जीवनमा प्रशस्त र पूर्ण रुपमा अगुवाइ गर्न चाहनुहुन्छ । धेरै चोटी हामीले बाइबल पढ्दा र प्रार्थना गर्दा परमेश्वर हामीसँग प्रत्यक्ष रुपमा बोल्न सक्नुहुन्छ । विशेष अवस्थामा, विशेष समयमा र विशेष निर्णय लिँदा हामीले उहाँको सहायता लिनुपर्दछ । जसरी योसेफले अप्ठ्यारो परिस्थितिमा पनि परमेश्वरको आज्ञा पछ्याउने निर्णय गरे, त्यसरी हामीले पनि गर्नुपर्छ । चाहे अप्ठ्यारो परिस्थिति नै किन नहोस् हामीले उहाँको आज्ञालाई मान्नुपर्छ ।





★ केही विशेष कुराको बारेमा के परमेश्वर तपाईसँग बोल्नुभएको छ ? के परमेश्वरले तपाईको जीवनमा हुनुपर्ने परिवर्तनको बारेमा तपाईसँग बोल्नुभएको छ, जुन कुरा परिवर्तन गर्न तपाईलाई कठिन भएको छ ? यदि त्यस्तो भएको छ र तपाईले यसलाई राम्रै अनुभव गर्नुभएको छ भने यो कुरा आफ्नो समूहलाई भन्नुहोस् । अनि आफ्नो आवश्यकता कागजमा लेख्नुहोस् हप्ताभरि एक-अर्काका लागि प्रार्थना गर्नुहोस् । उहाँको योजना हाम्रो जीवनमा पूरा गर्न र उहाँको आज्ञापालन गर्न उहाँले हामीलाई शक्ति दिनुहुनेछ ।

२. उहाँको पुनरुत्थानपछि स्वर्ग जानुभन्दा पहिला उहाँले आफ्ना चेलाहरुलाई एउटा आज्ञा दिनुभयो । आउनुहोस् येशूको दोस्रो आगमन हुनुभन्दा पहिले येशूले भन्नुभएका अन्तिम शब्दहरुलाई ध्यानपूर्वक हेरौं : "यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता, पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ र हेर म युगको अन्तसम्म सधैं तिमीहरुका साथमा छँदैछु ।" कसरी हामीले गएर अरुहरुलाई येशूको बारेमा भन्ने कुरा हामीले पछि यस अध्ययनमा सिक्नेछौं । तर त्यहाँ एउटा आज्ञा छ जुन हामीले उहाँको वचनमा आज्ञाकारी भएर पालन गर्नैपर्छ । हामीले पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा लिनुपर्छ ।

- ❖ बप्तिस्मा लिनु भनेको प्रभु येशूको उदाहरण पूरा गर्ने साधारण काम हो । यो उहाँमा विश्वास गर्ने मानिसहरुसँग तपाई पानीभित्र जाने र एक छिनमा बाहिर आउने कार्य मात्र हो ।
- ❖ बालक अवस्थामा येशूले बप्तिस्मा लिनुभएन । लूकाको सुसमाचारमा येशू बालक हुनुहुँदा उहाँलाई मन्दिरमा अर्पण गर्न लगिएको थियो । त्यहाँ उहाँका मातापितालाई पूजाहारीहरुले आशिष दिएका थिए । तर यो उहाँको बप्तिस्मा थिएन ।
- ❖ बप्तिस्मा लिन उहाँ आफैले आफूलाई चुन्नुभयो । यो निर्णय उहाँको आमाबुबाको थिएन । ख्रीष्ट येशूको उदाहरणअनुसार, बप्तिस्मा लिन, भजन गाउन हामी आफै जानुपर्छ । यसरी उहाँको उदाहरण पूरा गर्नुपर्छ ।

❖ यो कुनै धार्मिक कार्य होइन ता कि बप्तिस्मा लिएर हामी कुनै सम्प्रदायसँग मिल्न सकौं। यो कुनै आत्मिकी अनुभव पनि होइन जसले हाम्रो पापलाई शुद्ध गर्न सक्छ। यो हामीले खीष्ट येशूमा विश्वास गर्छौं भनी समाजको अगाडि गवाहीको रुपमा गरिने चिन्ह हो । बाइबलले सिकाउँछ, कि बप्तिस्मा भनेको खीष्ट येशूसँग गाडिएर बौरी उठेको नमूना हो। जब हामीले बप्तिस्मा लिन्छौं तब हामी येशूसँग गाडिएर बौरी उठेका हुन्छौं ।

★ बप्तिस्माको बारेमा तपाईले के विचार गर्नुहुन्छ ? के येशूको उदाहरण पूरा गर्नु र बप्तिस्मा लिनु अप्ठ्यारो छ ? के तपाईले बप्तिस्मा लिनु आवश्यक छ ? के तपाईले बप्तिस्मा लिन चाहनुहुन्छ ?

## पाठ ३

# खीष्टको परीक्षा

**(मत्ती ४)**

**"मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ ।"** (मत्ती ४:४)।

## पुनरावलोकन

१. भविष्यवक्ता यशैयाले भने, येशूलाई इम्मानुएल भनिनेछ, जसको अर्थ, "परमेश्वर . . . ." हो ।

२. येशूले भन्नुभयो कि अन्तमा उहाँ पृथ्वीमा आउनुहुँदा यो . . . . . . . जस्तो हुनेछ ।

३. येशूले भन्नुभयो कि उहाँ संसारमा आउनुहुँदा, वास्तविक खीष्ट को हुनुहुन्छ भनी कोही पनि अलमल्लीने छैन किनकि सबैले उहाँलाई शक्ति र महामहिमा . . . . . मा आउनुभएको देख्नेछन् ।

४. येशूले भन्नुभयो, उहाँ आउनुभन्दा पहिले, धेरै जना . . . . . . खीष्ट उठ्नेछन् र धेरै अचम्मका काम गर्नेछन्। हामी ती झूटा भविष्यवक्ताहरुद्वारा . . . . . . . नहुन होशियार हुनुपर्दछ ।

५. येशूले भन्नुभयो, मानिसहरुले येशू खीष्टमाथिको विश्वासको कारण हामीलाई दुःख दिन्छन् भने वा चोट पुऱ्याउँछन् भने, हामीले आफूले आफैलाई . . . . . . सम्झिनुपर्छ किनभने हामीले हाम्रो इनाम गुमाउनेछैनौं । हामीले ती मानिसहरुसँग . . . . . .पूर्वक व्यवहार गर्नुपर्दछ भनी उहाँले भन्नुहुन्छ ।

६. येशूले भन्नुभयो, उहाँको आगमनको बारेमा एकजनालाई मात्र थाहा छ उहाँ . . . हुनुहुन्छ ।
७. . . . .नाम भएको व्यक्तिले उजाड स्थानमा पश्चातापको सन्देश प्रचार गर्दथे, उनले ऊँटका रौंको वस्त्र लगाउँथे र सलह र बनमह खान्थे ।
८. धेरै जना आफ्नो . . . . स्वीकार गरेर यूहन्नाद्वारा बप्तिस्मा लिन आए ।
९. यूहन्नाले बताए कि उनीपछि आउने जो हुनुहुन्छ उहाँले संसारका मानिसहरुलाई दुई भागमा विभाजन गर्नुहुन्छ र जसले उहाँलाई इन्कार गर्छन् उनीहरु कहिल्यै ननिभ्ने . . . . मा नष्ट हुनेछन् ।
१०. येशू आउनुभयो र उहाँलाई . . . . दिन यूहन्नालाई भन्नुभयो ।
११. येशूको बप्तिस्माको बेला . . . . . . . . . ढुकुरझैं ओर्लनुभयो र स्वर्गबाट '. . . . . . . . . . . . . . . . . . ' भन्ने आवाज आयो ।
१२. येशूले स्वर्ग जानुभन्दा पहिले आफ्ना चेलाहरुलाई भन्नुभयो, जति जनाले येशूलाई ग्रहण गर्छन् तिनीहरुलाई . . . . . दिनु ।
१३. हामीले . . . . लिनुपर्छ तर त्यो . . . . सँग सहभागी भएको चिन्ह हो ।
१४. बप्तिस्माले येशूको . . . . . . , . . . . . . र . . . . . . लाई जनाउँदछ ।

येशूको बप्तिस्मापछि, पवित्र आत्माले उहाँलाई उजाड स्थानमा लैजानुभयो, जहाँ शैतानले उहाँको परीक्षा गरेको थियो । येशूले त्यहाँ चालीस दिन र चालिस रात उपवास बस्नुभयो । चालिस दिनपछि उहाँ भोकाउनुभयो । त्यही समयमा शैतान आएर यसो भन्दै उहाँलाई परीक्षा गर्नलाग्यो, र त्यसले यसो भन्यो, "यदि तपाई परमेश्वरका पुत्र हुनुहुन्छ भने, यी ढुङ्गालाई रोटी होऊन् भनेर आज्ञा दिनुहोस् ।" येशूले यसरी जवाफ दिनुभयो, "यसो लेखिएको छ, मानिस रोटीले मात्र होइन तर परमेश्वरको मुखबाट निस्कने हरेक वचनले जीवित रहँदछ ।"

तब दियावलसले उहाँलाई पवित्र नगरमा लगेर मन्दिरको टुप्पामा खडा गरायो र उहाँलाई भन्यो, "यदि तपाई परमेश्वरका पुत्र हुनुहुन्छ भने यहाँबाट तल हाम फाल्नुहोस् । किनभने यस्तो लेखिएको छ, 'उहाँले तपाईलाई रक्षा गर्न स्वर्गदूतहरु पठाउनुहुनेछ र तिनीहरुले तपाईलाई आफ्नो हातहातै थाम्नेछन्' नत्रता तपाईका खुट्टा ढुङ्गामा ठोकिनेछ ।" येशूले त्यसलाई बाइबलको शब्द प्रयोग गरेर भन्नुभयो, "तैले परमप्रभु आफ्ना परमेश्वरको परीक्षा नगर्नू ।"

फेरि दियावलसले उहाँलाई एउटा अग्लो पर्वतमा लगेर संसारको सबै राज्य र तिनको वैभव उहाँलाई देखायो र उहाँलाई भन्यो, "तपाईले घोप्टेर मलाई दण्डवत गर्नुभयो भने, यी सबैथोक म तपाईलाई दिनेछु ।" येशूले त्यसलाई भन्नुभयो, "शैतान, दुर होइजा ! किनभने यसो लेखिएको छ, 'तैले परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत गर्नु र उहाँको मात्र सेवा गर्नु ।'" तब दियावलस उहाँलाई छोडेर गयो र स्वर्गदूतहरुले आएर उहाँको सेवा टहल गरे ।



## मौखिक प्रश्नहरु

१. पवित्र आत्माले येशूलाई परीक्षित हुनलाई कहाँ लिएर जानुभयो ?
२. शैतानले उहाँलाई परिक्षामा पार्नुभन्दा पहिले ४० दिनसम्म येशूले के गर्नुभयो ?
३. पहिलो दुई परीक्षामा, शैतानले उहाँ को हुनुहुन्छ भनी प्रमाणित गर्न खोज्यो ?
४. पहिलो परीक्षामा, शैतानले येशूलाई ढुङ्गालाई के बनाउन भन्यो ?
५. पहिलो परीक्षामा, येशूले शैतानमाथि कसरी विजय पाउनुभयो ?
६. दोस्रो परीक्षामा, शैतानले येशूलाई मन्दिरको टुप्पामा लगेर के गऱ्यो ?
७. दोश्रो परीक्षामा येशूले कसरी शैतानमाथि विजय पाउनुभयो ?
८. दोस्रो परीक्षामा यदि येशूले एउटा कुरा गरेको भए शैतानले संसारको सबै राज्य दिने प्रतिज्ञा गरेको थियो । शैतान येशूले के गर्नुहोओस् भन्ने चाहन्थ्यो ?
९. येशूले तेस्रो परीक्षामा शैतानमाथि कसरी विजय पाउनुभयो ?
१०. शैतान भागिसकेपछि येशूको सेवा टहल गर्न को आए ?

# आत्मिक सत्यताहरु

## मत्ती ४

१. हाम्रो जीवन येशू खीष्टलाई दिइसकेपछि पनि हामीलाई परीक्षाहरु आउनेछन् । सायद येशूलाई जस्तो परीक्षाको लागि हामी उजाड स्थानमा जानु नपर्ला । हामीलाई बाइबलले भन्दछ कि हामी शैतानबाट मात्र परीक्षामा पर्दैनौ, तर हाम्रो आफ्नै इच्छाद्वारा पनि परीक्षामा पर्दछौं (याकूब १:१५)। हामीले असल गर्ने वा खराब गर्ने भनेर हामी हरेकको हृदयमा युद्ध भइरहेको हुन्छ भनी बाइलबले सिकाउँछ । "किनभने म के गर्दैछु त्यो बुझ्दिनँ । किनकि म जे चाहन्छु, त्यो गर्दिनँ । तर त्यही गर्दछु जो म घृणा गर्दछु . . . । किनभने असल काम जो म गर्न चाहन्छु त्यो म गर्दिनँ, तर दुष्ट काम, जो म गर्न चाहन्नँ, त्यही म गर्ने गर्छु" (रोमी ७:१७ र १९) ।

२. तपाईमा दुईवटा स्वभाव भएको कारणले गर्दा तपाईले परीक्षाको अनुभव गर्नुपर्छ । ती दुईवटा स्वभावहरु यी हुन् : शरीरको आत्मा र परमेश्वरका आत्मा (वा पवित्र आत्मा) । गलाती ५:१६-१७ ले भन्दछ, "तर म भन्दछु पवित्र आत्माद्वारा हिँड र पाप स्वभावका लालसा पूरा नगर । किनकि पाप स्वभावका लालसा पवित्र आत्माको विरुद्धमा हुन्छन्, अनि पवित्र आत्माको इच्छा पाप स्वभावको विरुद्ध तिमीले जो गर्न चाहन्छौ त्यसबाट तिमीहरुलाई रोक्नको निम्ति यी चाहिँ एका-अर्काका विरुद्धमा हुन्छन् ।" यो युद्ध तपाई र परमेश्वरको विरुद्धमा दिन प्रतिदिन भइरहेको हुन्छ, चाहे सानो कुरामा होस् वा ठूलो कुरामा ।

३. येशूले जस्तै, हामीले पनि परमेश्वरको वचनको शक्ति प्रयोग गरेर शैतानमाथि विजय पाउन सक्दछौं। हिब्रू ४:१२ ले भन्दछ, "किनभने परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ र यो कुनै पनि दुईधारे तरवारभन्दा बढी धारिलो हुन्छ । यसले प्राण र आत्मालाई, त्यसका





जोनी-जोर्नी र हाडको गुदीसम्मलाई भाग-भाग पारुन्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ ।" *यो पदलाई धेरै पटक पढ्नुहोस् । अनि सदस्यहरुलाई सोध्नुहोस् यो पदको बारेमा तिनीहरुले के अर्थ लगाउँछन् ।*

परमेश्वरको वचन सल्लाह दिने पुस्तक मात्रै होइन । यो जीवित वचन हो, परमेश्वरले हामी हरेकसँग बोल्नको लागि उहाँको वचनलाई प्रयोग गर्नुहुन्छ । यो हाम्रो हृदयको गहिराइमा पुग्दछ, जसको बारेमा परमेश्वरले मात्र जान्नुहुन्छ ।

खीष्टको हरेक चेलाले गर्नुपर्ने एक मात्र महत्वपूर्ण कार्य हरेक दिन परमेश्वर पितासँग एकान्तमा समय बिताउनु हो । शैतानले हरेक कुरा गर्न सक्छ, उसले तपाईलाई परमेश्वरको वचनबाट टाढा राख्न सक्छ किनभने परमेश्वरको वचन हाम्रो शक्तिको श्रोत हो भन्ने कुरा उसलाई थाहा छ । शैतानले हामीलाई भन्न सक्छ : हामी धेरै व्यस्त छौं, अघि नै बाइबल अध्ययन गरिसक्यौं, हामी सुस्त छौं, बाइबल बुझ्न धेरै कठिन छ र यस्तै हामीसँग धेरै बहना हुन सक्छन् । तर हामीले यो सबै झूटो हो भनी जान्नुपर्छ । हामीले हरेक दिन परमेश्वरको वचनलाई प्राथमिकता दिनुपर्छ ।

यहाँ एउटा साधारण योजना दिइएको छ जुन तपाईले गर्न सक्नुहुन्छ :

१. परमेश्वरसँग एकान्तमा समय बिताउन शुरु गर्नुहोस् । उहाँलाई भन्नुहोस् कि तपाईले उहाँलाई कति धेरै प्रेम गर्नुहुन्छ र उहाँले तपाईमा गर्नुभएको अचम्मको कार्यको लागि उहाँलाई स्तुति गर्नुहोस् ।

२. प्रार्थना उत्तर दिनुभएको र तपाईको जीवनमा गर्नुभएको कामको लागि उहाँलाईधन्यवाद दिनुहोस् ।

♦ धन्यवाद नामको एउटा नोटबुक तयार गर्नुहोस् र परमेश्वरले तपाईको जीवनमा गर्नुभएका कामहरुलाई मिति सहित त्यसमा लेख्नुहोस् । यस प्रकारले तपाईले परमेश्वरले तपाईको जीवनमा गर्नुभएका कामहरुको अभिलेख राख्न सक्नुहुन्छ ।

३. अरुको लागि प्रार्थना गर्नुहोस् : बाइबल अध्ययनमा आएकाहरुका लागि, परिवारको लागि, साथीहरुको लागि, खीष्टलाई नचिनेकाहरुको लागि र विशेष आवश्यकताको लागि प्रार्थना गर्नुहोस् । यदि धेरै मानिसको लागि प्रार्थना गर्नु छ भने हप्ताभरिको लागि प्रार्थना सूची बनाउनुहोस् र हप्तामा एकचोटी प्रार्थना गर्नुहोस् ।

**उदाहरणको लागि :**

| | |
|---|---|
| सोमबार | : जोन लामा |
| मंगलबार | : पाष्टर जीवन |
| बुधबार | : हरी थापा |
| बिहीबार | : अविश्वासी |
| शुक्रबार | : घर परिवार |
| शनिबार | : नयाँ विश्वासी |
| आइतबार | : विश्वासीको |

★ अहिले नै रोकिएर यो कार्यलाई सामूहिक रुपमा सम्पन्न गर्नु असल हुन्छ । जसले गर्दा हरेकले अहिले नै प्रार्थना गर्न शुरु गर्न सक्दछ ।

४. परमेश्वरको वचन पढ्नुहोस् र त्यसमाथि मनन् गर्नुहोस् । हामीलाई बाइबलले सिकाउँदछ कि हामीले बाइबल पढ्ने मात्र होइन तर यसमाथि मनन् पनि गर्नुपर्छ ।

यसको अर्थ हामी यसो गर्नुपर्छ :

- विस्तारै पढ्नुहोस् ।
- शब्दहरुको गहिरो अर्थ बुभ्न पटक-पटक पढ्नुहोस् । परमेश्वरले प्रकाश पार्न लागिरहनुभएको सत्यतालाई बुभ्न धेरै चोटी पढ्नुपर्ने हुन सक्दछ ।



- वचनलाई व्यवहारिक तरिकाले लागू गर्नुहोस् । उदाहरणको लागि : यदि पदले यसो भन्दछ, "आफ्ना आमाबुबाको आदर गर" भने, यसलाई यसरी प्रयोग गर्नुहोस्, "जीवन, तिमीले आफ्ना आमाबुबालाई आदर गर्नुपर्छ ।"
- उहाँले दिनुभएको विशेष आशिषको लागि परमेश्वरलाई धन्यवाद दिनुहोस् र विशेष खाँचोको लागि प्रार्थना गर्नुहोस् । उदाहरणको लागि : पिता परमेश्वर मेरो आमा बुबाको लागि धन्यवाद ! परमेश्वर, तपाई मेरो स्वर्गीय पिता मसँग कोही नहुँदा पनि मसँग हुनुहुन्छ ।

बाइबलमा धेरै आत्मिकी सत्यताहरु छन् जसको बारेमा परमेश्वर हामीसँग अहिले नै कुराकानी गर्न चाहनुहुन्छ ।

★ आउनुहोस् अब मत्ती ५ अध्यायलाई शुरु गरौं । *केहीबेर रोकिऔं र हरेकले शुरुका ३ वा ४ पदहरु पढौं । पढ्न नजान्नेको लागि अगुवाले व्याख्या नगरिकन ती पदहरु धेरै चोटी पढेर सुनाइदिनुपर्दछ ।*

★ हामी प्रत्येकले यी पदहरुको अर्थ बुभ्ने कोशिष गरौं । यदि सम्भव भएमा हाम्रो नाउँ तिनमा राखौं । परमेश्वरका आत्मालाई तपाईसँग बोल्न दिन नडराउनुहोस् । यहाँ एउटा उदाहरण छ, तर यो पदलाई कुनै मानिसको जीवनमा लागू गर्ने केवल एउटा मात्र तरिका छैन । मैले यी पदहरु पढ्दा प्रभुले मसँग बोल्नुभएका शब्दहरु यी हुन् :

पद ३ : "धन्य आत्मामा दरिद्र हुनेहरु किनभने स्वर्गको राज्य तिनीहरुकै हो ।" (लेखकको "आत्मिक सत्यता" को उदाहरण) । यदि म आत्मामा दरिद्र छु भने म धन्यको हुँ किनभने म स्वर्गको राज्यको उत्तराधिकारी हुनेछु । प्रभु मलाई आत्मामा दरिद्र हुनको लागि सहायता गर्नुहोस् म आफ्नै आत्मामा भरिन, कठोर, घमण्डी हुन चाहन्नँ । प्रभु, मेरो जीवनमा गर्नुभएको कामको लागि धन्यवाद । प्रभु धन्यवाद किनभने म परमेश्वरको राज्यको उत्तराधिकारी हुँ भन्ने कुरा मैले थाहा पाएँ । साँच्चै नै म धन्यको हुँ ।

पद ४ : "धन्य शोक गर्नेहरु किनभने तिनीहरुले सान्त्वना पाउनेछन् ।"

(लेखकको "आत्मिक सत्यता" को उदाहरण) शोक गर्नेहरु कसरी धन्य हुन सक्छन् भन्ने कुरा कल्पना गर्न मेरा लागि अप्ठ्यारो छ किनभने शोक गर्ने समय दुःख र पिरको समय हो तर खीष्टको अनुयायी भएको कारण म धन्यवादी छु किनभने म धन्यको छु भन्ने कुरा साँच्चै नै मैले जानेको छु । किनभने खीष्टमा विश्वास गर्नेहरुको लागि आशा छ । परमेश्वरले हामीलाई आशाको सान्त्वना दिनुहुन्छ । प्रभु म तपाईलाई धन्यवाद दिन्छु, किनभने मेरी आमाको मृत्युमा शोक गर्दा तपाईले मलाई सान्त्वना दिनुभएको छ । मरो दुःखको समयमा पवित्रजन मेरा शारीरिक सान्त्वनाको लागि पठाउनुभएको निम्ति म तपाईलाई धन्यवाद दिन्छु । मेरो आत्मामा पवित्र आत्माबाट पाएको सान्त्वनाको लागि धन्यवाद । हो, प्रभु, म शोक गर्दा धन्यको हुन्छु भन्ने कुरा विश्वासी भएर म देख्न सक्छु । प्रभु तपाईलाई प्रेम गर्छु, प्रभु मेरो वास्ता गर्नुभएको लागि धन्यवाद दिन्छु ।

त्यहाँ कुनै विशेष सुत्र, शब्दहरु र तरिकाहरु छैनन् । परमेश्वरको वचनमा ध्यान दिनु मात्र महत्वपूर्ण कुरा हो । तपाईले यसलाई हृदयको भित्रसम्म जान दिनुहोस् र परमेश्वरले तपाईको हृदयको गहिराइबाट तपाईसँग बोल्नुहुनेछ ।

निरन्तर रुपमा हामीले यसो गर्‍यौं भने हामी हरेक मार्गमा खीष्टजस्तै हुँदै जान्छौं । परीक्षामाथि विजय पाउन मात्र होइन, तर जीवनको हरेक क्षेत्रमा हामीले धेरै प्रेम र काम देखाउन सक्छौं । व्यक्तिगत रुपमा परमेश्वरलाई चिन्नु भनेको मुख्य कुरा नै विजय ईसाई जीवन हो ।

✶ म तपाईलाई भन्न चाहन्छु कि तपाईले आफ्नो प्रार्थनाको सूचीमा अन्तिम भाग छुट्ट्याउनुहोस् । हरेक दिन बाइबल पढ्दा तपाईले मिति लेख्नुहोस् र यसको बारेमा परमेश्वरले बोल्नुभएको कुरा पनि लेख्नुहोस् । त्यहाँ सत्यतालाई लेख्नुहोस् । यदि तपाईले आफ्ना विचारहरु लेखिरहनुभएको छ भने, कति समय उहाँको वचनमा ध्यान दिन सजिलो हुन्छ । अर्थात् सायद यो केही समयको लागि मात्र राम्रो हुन सक्छ र प्रभु तपाईको हृदयमा बोलिरहनुभएको बहुमूल्य कुराहरु तपाईले पढ्नुहुन्छ । यो तपाई र परमेश्वरको बीचको एकदमै व्यक्तिगत अमूल्य समय हो ।



✶ तपाई र तपाईको समूहले आफैलाई एक हप्ताको लागि समर्पण गर्ने निर्णय गर्नुहोस् र कम्तिमा प्रत्येक दिन परमेश्वरसँग १५ मिनेट बिताउन तपाई विश्वासयोग्य हुनुहोस् । सम्भव भएमा प्रत्येक दिन प्रभु तपाईसँग बोल्नुभएको शब्द लेख्नुहोस् । यदि तपाईले पढ्न सक्नुहुन्न भने, यो हप्तामा तपाईको निम्ति दिनको कम्तिमा पनि एउटा पद पढिदिने कुनै व्यक्ति खोज्नुहोस् र हरेक दिन परमेश्वरको वचन तपाईको हृदयको गहिराइमा पुग्दा के हुन्छ, हेर्नुहोस् ।

✶ आउनुहोस्, हामीले शुरु गरेको अध्यायलाई लगातार पढौं । एक दिनमा पूरै अध्याय सिध्याउने हतार नगर्नुहोस् । तपाईले यो अध्याय सक्नुहुन्छ फेरि अर्को अध्याय निरन्तर पढ्नुहोस् । फेरि यो सकेपछि अर्को पढ्न शुरु गर्नुहोस् । अर्को हप्ता परमेश्वरको वचन ध्यान गर्न थालेदेखि भएको अनुभव हामी सबैले बाँडौं ।

# पाठ ४

## मानिसमा भएको डरलाई निकालिदिनु

**(मत्ती ४-८)**

**"येशूले तिनीहरुलाई भन्नुभयो, 'अल्पविश्वासी मानिस हो, तिमीहरु किन डराउँछौ !' तब उठेर उहाँले बतास र समुद्रलाई हकार्नुभयो, र आँधी बिलकूल शान्त भयो ।"** (मत्ती ८:२६)।

✶ *अगुवा भएको कारण झुण्डलाई हरेक दिन प्रार्थना गर्न र बाइबल पढ्न सल्लाह दिन नभुल्नुहोस् । हरेकलाई अनुभव भन्ने मौका दिनुहोस् र तिनीहरुलाई उत्साह दिनुहोस् ।*

✶ *यो हप्ताको अध्ययनको शुरुमा नै एक-अर्काको लागि प्रार्थना गर्नु र अन्तरबिन्ती गर्नु असल हुन्छ ।*

### पुनरावलोकन

१. भविष्यवक्ता यशैयाले बताए कि येशूको नाउँ इम्मानुएल राखिनेछ, जसको अर्थ परमेश्वर . . . . . . . . . . हो ।

२. जैतुन डाँडामा येशूले आफ्ना चेलाहरुलाई उहाँको दोस्रो आगमनको बारेमा शिक्षा दिनुहुँदा, उहाँले तिनीहरुलाई होशियार रहन भन्नुभयो ता कि आफैलाई ख्रीष्ट भन्ने मानिसहरु र झूटा भविष्यवक्ताहरुद्वारा तिनीहरु . . . . . . . . . . . . . नहोऊन्, तिनीहरुले ठूला-ठूला अचम्मका कार्यहरु पनि गर्न सक्दछन् ।

३. येशूले भन्नुभयो कि उहाँको दोस्रो आगमन हुँदा सबैले उहाँलाई . . . . मा शक्ति र महिमासाथ आइरहनुभएको देख्नेछन् ।





४. येशूले भन्नुभयो, एक जनालाई मात्रै उहाँ कहिले आउनुहुन्छ भन्ने थाहा छ । उहाँ . . . . हुनुहुन्छ ।

५. आफ्ना . . . . पश्चाताप गर्नेहरुलाई बप्तिस्मा दिने यूहन्नाले उजाड स्थानमा बप्तिस्मा दिए ।

६. स्वर्ग जानुभन्दा पहिले येशूले आफ्ना चेलाहरुलाई . . . . . . . . . हुन आज्ञा दिनुभयो ।

७. यूहन्नाले बताए कि उनीपछि आउनुहुनेले संसारका मानिसहरुलाई दुई भागमा विभाजन गर्नुहुनेथियो र जसले उहाँलाई इन्कार गर्दछ ऊ कहिल्यै ननिभ्ने . . . मा जानेछ ।

८. येशूका पहिला दुई परीक्षाहरुमा, शैतानले उहाँ . . . . . . . . . . . हुनुहुन्छ भन्ने कुरा प्रमाणित गराउन कोशिस गऱ्यो ।

९. तेस्रो परीक्षामा, शैतानले येशूलाई घोप्टो परेर उसलाई . . . . . . . गर्न भन्यो ।

१०. येशूले शैतानलाई तिन पटकसम्म . . . . . . को . . . . द्वारा जवाफ दिनुभयो ।

११. यदि हामीले परमेश्वरलाई अझै राम्रोसँग जान्न चाहन्छौं भने, हामीले हरेक दिन उहाँसँग . . . . बिताउन जरुरी हुन्छ ।

१२. हामीभित्र एक-अर्कामा लडाइँ गरिरहने दुई स्वभावहरु के-के हुन् ? . . . . . . को आत्मा र . . . . . . . . को आत्मा ।

१३. यदि हामीले परीक्षामाथि विजय पाउन चाहन्छौं भने, हामीले हरेक दिन . . . . . . . . सँग एकान्तमा समय बिताउनुपर्दछ ।

१४. यदि हामी येशूजस्तै बन्न चाहन्छौं भने, हामीले . . . . . सँग एकान्तमा समय बिताउनुपर्दछ ।

उजाड स्थानबाट फर्किएपछि येशूले आफ्नो सार्वजनिक सेवकायी शुरु गर्नुभयो । उहाँ गालीलको वरीपरी रहन थाल्नुभयो । बप्तिस्मा दिने यूहन्नाले प्रचार गरेको सन्देश उहाँले प्रचार गर्नुभयो : पश्चाताप गर किनभने परमेश्वरको राज्य नजिक आएको छ ।

येशूले बोलाउनुभएका प्रथम दुई चेलाहरु पत्रुस र अन्द्रियास थिए। यी दुईजना भाइहरुले माछा मार्नको लागि आफ्नो जाल गालीलको समुद्रमा फ्याँकिरहेका थिए। येशूले तिनीहरुलाई भन्नुभयो मेरोपछि लाग, म तिमीहरुलाई मानिसको जालहारी बनाउनेछु।

त्यहाँबाट उहाँ एकजना मानिसकहाँ जानुभयो जसले आफ्नो दुई छोराहरुको लागि माछा मार्ने जाल तयार बनाइरहेको थियो। तिनीहरुलाई पनि उहाँले उहाँको पछि लाग्नलाई बोलाउनुभयो। तिनीहरु जब्दीका छोरा यूहन्ना र याकूब थिए।

अनि येशूले यहूदीहरुको सभाघरहरुमा परमेश्वरको वचन सिकाउँदै, हरेक किसिमका रोगहरु निको पार्दै हिँड्नुभयो। उहाँको नाम धेरै ठाउँमा पुग्यो, सिरियादेखि पनि मानिसहरु उहाँद्वारा निको हुन उहाँकहाँ आए।

अनि जब येशूले ती मानिसहरुले उहाँलाई पछ्याइरहेका देख्नुभयो, उहाँले आफ्नो चेलाहरुलाई लिएर एउटा डाँडामा जानुभयो। त्यहाँ पुगेर उहाँले चेलाहरुलाई परमेश्वरको राज्यको बारेमा धेरै कुरा सिकाउनुभयो।

मानिसहरुले उहाँको शिक्षा सुन्थे र उहाँको अधिकार देखेर छक्क पर्थे। किनभने सभाघरमा कसैले पनि यस्तो कहिल्यै सुनेका थिएनन्।

जब उहाँ डाँडाबाट तल ओर्लनुभयो, भीडले पहिले नै उहाँको पछि लाग्न उहाँलाई पर्खिरहेको थियो। तिनीहरुमध्ये एकजना कुष्ठरोग लागेको व्यक्ति उहाँद्वारा शुद्ध हुन चाहन्थ्यो। येशूले त्यसलाई निको पार्नुभयो। एकजना सिपाहीले पनि पक्षाघात रोग लागेको आफ्नो नोकरलाई उहाँले निको पारि दिनुहोओस् भन्ने चाहन्थ्यो। अनि येशूले त्यसलाई निको पार्नुभयो।

येशू सिमोन पत्रुसको घरमा जानुभयो किनभने पत्रुसकी सासु ज्वरोले सिकिस्त परेकी थिइन्। येशूले उनको हातमा छुनुभयो र ज्वरोले उनलाई छोड्यो। त्यसपछि उनी उठिन् र त्यस घरमा भएका सबैलाई सेवा गरिन्।

त्यसपछि येशू बेलुकासम्म मानिसहरुलाई चङ्गाइ गर्दै र दुष्ट आत्मा निकाल्दै त्यहाँ रहनुभयो। तर जब उहाँले त्यो ठाउँमा ठूलो भीड उहाँकोपछि लागेको देख्नुभयो, अनि उहाँले आफ्ना चेलाहरुलाई उहाँलाई छोडेर समुद्रको पारीपट्टि जानलाई आज्ञा दिनुभयो।

उहाँहरु डुङ्गामा चढ्दा रात निकै छिप्पिइसकेको थियो। अकस्मात् त्यो समुद्रमा ठूलो आँधी आयो र छालले डुङ्गालाई ढाक्न लाग्यो। चेलाहरुमध्ये



धेरै माछा मार्ने जालहारी भएकाले त्यहाँ खतरा हुन्छ भन्ने थाहा पाएर तिनीहरु डराए। येशू निदाइरहनुभएको थियो।

चेलाहरु आएर "बचाउनुहोस् प्रभु ! हामीहरु नष्ट हुन लाग्यौं" भनेर उहाँलाई बिन्ती गरे। येशूले तिनीहरुलाई भन्नुभयो, "हे अल्पविश्वासी मानिस हो, तिमीहरु किन डराउँछौ ?" तब उठेर उहाँले बतास र समुद्रलाई हकार्नुभयो र आँधी बिलकूल शान्त भयो। "यिनी त कस्ता मानिस हुन्, किनभने बतास र समुद्रले पनि यिनका आज्ञा मान्दा रहेछन्" भनी ती मानिसहरु छक्क परे।

## मौखिक प्रश्नहरु :

१. येशूले मानिसहरुका बीचमा कस्तो सन्देश प्रचार गर्नुभयो ?
२. प्रभु येशूको शूरुका दुईजना चेलाहरुको नाउँ के थियो ?
३. ती पहिला चेलाहरुको काम के थियो ?
४. येशूलाई भेट्नको लागि मानिसहरु किन व्याकूल हुन्थे ?
५. येशूले चेलाहरुलाई डाँडामा शिक्षा दिनुहुँदा, कुन कुराले तिनीहरु प्रभावित भए ?
६. जब येशू डाँडाबाट तल ओर्लनुभयो, तब उहाँले एकजना ठूलो शारीरिक समस्याले ग्रस्त पारेको व्यक्तिलाई निको पुर्नभयो। त्यो समस्या के थियो ?
७. अनि उहाँले रोमी सिपाहीको नोकरलाई पनि चङ्गाइ दिनुभयो। त्यो नोकरको रोग के थियो ?
८. येशू किन समुद्रको पारीपट्टि जान चाहनुहुन्थ्यो ?
९. येशूले पत्रुसका एकजना नातेदारलाई निको पार्नुभयो। उनीसँग पत्रुसको के नाता थियो ?
१०. येशूले डुङ्गामा के गर्नुभयो ?
११. येशूका चेलाहरु किन भयभित भए ?
१२. येशूले तिनीहरुलाई किन हप्काउनुभयो ?
१३. जब येशूले बतास र समुद्रलाइ शान्त पार्नुभयो, यसमा चेलाहरुको प्रतिक्रिया के थियो ?

# आत्मिक सत्यताहरू

## मत्ती ४-८

१. प्रभु येशूले हामी सबैलाई मानिसको जालहारी हुन बोलाउनुभयो । येशूमा हामीले पाएका स्वतन्त्रता हामीले हरेक देशमा र संसारको जातिहरुसँग बाँडौं भन्ने उहाँ चाहनुहुन्छ । स्वर्ग जानुभन्दा पहिले येशूले आफ्ना चेलाहरुसँग बोल्नुभएका अन्तिम शब्दहरु यिनै थिए । येशूमा भएको हाम्रो विश्वासलाई कसरी स्पष्टसँग बताउन सकिन्छ भन्ने कुरा हामीले यस अध्ययनको अन्त्यमा सिक्नेछौं । "म को हुँ र म आफैनै कमजोर हुँदाहुँदै पनि मैले कसरी मानिसहरुलाई येशूमा विश्वास गर भन्न सक्दछु ? र मैले त्यसो गर्न सकें भने पनि, म संसारको एउटा सानो कुनामा बस्दछु, मैले संसारको अर्को कुनामा प्रभाव पार्ने आशा येशूले कसरी गर्नुहुन्छ ।"

बाइबलले हामीलाई सिकाउँदछ कि हामी जस्तोसुकै प्रचार गर्न सक्ने प्रचारक भए पनि हामीले एकजना व्यक्तिलाई पनि खीष्टमा ल्याउन सक्दैनौं । हामीलाई कसैले प्रभुको बारेमा बताएको कारण हामीले हाम्रो हृदय खीष्टलाई दिएका होइनौं । तर पवित्र आत्माले हामीलाई पश्चाताप गराएर उहाँमा ल्याउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ ।

हाम्रो भूमिका, माछा मार्ने जालहारी जस्तो भएर, जीवनको जाल समाति रहनु र पवित्र आत्माले दिनुहुने (माछा) मानिसलाई प्रभु कहाँ ल्याउनु हो ।

खीष्टमा भएको हाम्रो विश्वास अरुहरुसम्म पुऱ्याउनको लागि सबैभन्दा पहिलो कदम खीष्टले हाम्रो जीवनमा के गर्नुभयो सो बताउन सक्षम हुनु हो । यस्तो प्रस्तुतिलाई गवाही भनिन्छ । यो गवाही शब्द अदालतहरुमा प्रयोग गरिन्छ । यसको अर्थ सत्य कुरा थाहा पाउनु र यसलाई भन्नु हो । मानिसहरुले तपाईलाई पागल भन्न सक्दछन्, तपाईले अनुभव गर्नुभएको कुरालाई तिनीहरुले कहिल्यै नकार्न सक्दैनन् किनभने तपाईले अनुभव गर्नुभएको सत्य हो । आउनुहोस्, हामी सँगसँगै केही उदाहरणहरुको अभ्यास गरौं :





- येशू खीष्टमा विश्वास गर्नुभन्दा पहिले हाम्रो जीवन कस्तो थियो, हामी हरेकले विचार गरौं ।
- येशू खीष्टलाई तपाईले कसरी पाउनुभयो विचार गर्नुहोस् ।
- पवित्र आत्मा तपाईको जीवनमा आउनुभएको क्षणलाई विचार गर्नुहोस् र तपाईले येशू नै परमेश्वर हुनुहुन्छ भन्ने थाहा पाउनुभयो र तपाईको जीवनमा उहाँको आवश्यकता छ ।
- तपाईको जीवन खीष्ट येशूलाई दिन निर्णय गर्नुभएको क्षण याद गर्नुहोस् ।
- त्यसपछि खीष्ट येशू तपाईको जीवनमा आउनुभएपछि तपाईको जीवनमा कस्तो परिवर्तन आयो, त्यसको बारेमा सोच्नुहोस् ।
- आफ्नो झुण्डमा हामी हरेकले एक-अर्कालाई आफ्नो गवाही बाँड्नेछौं । तर यो भन्नको लागि ३ मिनेटभन्दा बढी समय लिनुहुँदैन ।

★ हामीले व्यक्तिगत समयमा एक-अर्काको लागि प्रार्थना गर्न सक्दछौं । विशेषगरी खीष्टलाई नचिनेका परिवारहरु र तिनका सदस्यहरुको लागि प्रार्थना गर्न सक्दछौं । समूहसँग मिलेर ती व्यक्तिहरुको निम्ति प्रार्थना गर्नुहोस् । हरेकलाई ती व्यक्तिहरुको नाम प्रार्थना सूचीमा लेख्न दिनुहोस् । यसरी नै हरेक मानिसहरुलाई खीष्टमा ल्याउन सकिन्छ ।

★ हामीबाट धेरै टाढा बस्ने व्यक्तिहरुलाई पनि हामीले बिर्सनुहुँदैन । तिनीहरुको लागि पनि प्रार्थना गर्नु हाम्रो उत्तरदायित्व हो ।

★ अगुवाको लागि तरिका : सायद, तपाईले वा तपाईको पाष्टरले अर्को देशमा सेवकायी गरिरहेको मिसनरीलाई चिनेको हुन सक्नुहुन्छ । ती व्यक्तिहरुको लागि पनि हामीले प्रार्थना गर्नुपर्छ । बाइबल अध्ययनको समयमा, अन्तरबिन्ती, प्रार्थना गर्ने समयमा ती व्यक्तिहरुलाई प्रार्थनामा सम्झनुहोस् ।

२. येशूले चेलाहरुलाई उहाँलाई निद्राबाट उठाइदिए भनेर हप्काउनुभएको थिएन, तर उनीहरु डराएको कारण हप्काउनुभएको थियो । चेलाहरुले आँधी बेहरी आएको देखे । तिनीहरुले पहिले पनि यस्तो भोगेको कारण यो एकदमै खतरापूर्ण हुन्छ भन्ने तिनीहरुलाई थाहा थियो । तर तिनीहरुका जीवनमा हुनुभएका परमेश्वर त्यो आधी बेहरीभन्दा शक्तिशाली हुनुहुन्छ भन्ने कुरा तिनीहरुलाई थाहा थिएन ।

**मसंग १ वर्ष ६ महिनाकी सानी छोरी छ। उनी संसारसँग परिचित हुँदैछिन्। उनी घरको वरिपरी दगुर्छिन्, कहिले दराज खोल्छिन्, भाँडाहरु निकाल्छिन्, कहिले कपडा निकाल्छिन्, यसरी उनी सबै कुरासँग खेल्न र परिचित हुन चाहन्छिन्। एकदिन हामीले साथीको घरमा रातको खाना खाँदै थियौं। त्यस समय उनी भूईँमा खेलिरहेकी थिइन्। अनि एउटा ठूलो कालो कुकुर त्यो कोठाभित्र पस्यो जहाँ हामीले खाना खाइरहेका थियौं। अनि मेरी सानी छोरी "आमा ! आमा !" भन्दै मकहाँ आइन्। अनि मैले उनलाई तुरुन्तै आफ्नो अङ्गालोमा लिएँ। उनी मेरो काखमा आरामसँग बसिन्। किन ? किनभने उनलाई थाहा थियो कि मैले उनलाई प्रेम गर्छु र मैले उनको वास्ता गर्छु भन्ने कुरामा उनको विश्वास थियो। केही समयमा नै पूरै शान्त भएर उनले फेरि कुकुरलाई आफ्नो हातले माया गर्न थालिन्।**

हाम्रो जीवन उहाँको नियन्त्रणमा दिँदाको घडीदेखि नै हामी परमेश्वरको छोराछोरी भएका छौं। उहाँ हाम्रो रक्षक हुनुहुन्छ। उहाँले हामी र हाम्रो बालबच्चाको पनि सुरक्षा गर्नुहुन्छ। उहाँले हामीलाई प्रेम गर्नुहुन्छ र हामीलाई जब डर लाग्छ वा जब हामी डराउँछौं, तब हामी तुरुन्त उहाँकहाँ जानुपर्छ। उहाँले हामीलाई उहाँको काखमा राख्नुहुन्छ र उहाँले हाम्रो डर भगाइदिनुहुन्छ। हामीले हरेक दिन हाम्रो जीवन उहाँको अधीनमा दिन्छौं र खीष्ट येशूको आज्ञामा हिँड्दछौं भने, त्यहाँ कुनै डर, त्रास भन्ने कुरा हुँदैन।

पुरानो करारमा दाऊद भन्ने मानिस थिए। उनले धेरै कठिन परिस्थितिहरु भोगे किनभने शाऊल राजाले उनलाई मार्न चाहन्थे। यसरी दाउदले परमेश्वरको बारेमा धेरै सत्यता जान्न सके र परमेश्वरको नजिकमा पुगे। उनले धेरै कविताहरु पनि लेखे जसलाई भजनसंग्रह भनिन्छ। यी कविताहरु परमेश्वरको बारेमा सिकाउन परमेश्वरद्वारा लेखिएका थिए। उनले धेरै भजनहरु डरको बारेमा लेखेका छन् जसमध्ये यो हप्ताको लागि भजनसंग्रह २७ लाई मैले छानेको छु। यसलाई पढौं र यसमाथि मनन् गरौं। यो भजन मैले यस पुस्तिकामा तपाईको लागि सारेको छु। यसलाई प्रार्थनाको समयमा पढ्नुहोस्। तपाईका सम्पूर्ण डरहरु त्याग्न र उहाँको प्रेम र सुरक्षाको काखमा रहन सिकाउन परमेश्वरसँग बिन्ती गर्नुहोस्।

★ तपाईको जीवनमा हुने सबै भयानक डरहरु एक-अर्कालाई भन्नुहोस्। अनि एक-अर्काले डरको लागि प्रार्थना गर्नुहोस्। डरलाई भगाएर डरको ठाउँमा उहाँमा विश्वास गर्नलाई प्रभुलाई भन्नुहोस् ता कि तपाईले उहाँमाथि पूरा विश्वास गर्न सक्नुभएको होस्।



## भजन सङ्ग्रह २७

परमप्रभु मेरो ज्योति र मेरो मुक्ति हुनुहुन्छ,
मैले कसको भय मान्नु ?
परमप्रभु नै मेरो मेरो जीवनको किल्ला हुनुहुन्छ, कोसँग म भयभीत हुनु ?
जब दुष्ट मानिसहरु मेरो मासु खान मेरो विरुद्ध अगि बढ्छन्,
जब शत्रु र विरोधीहरु मलाई आक्रमण गर्छन्, तिनीहरु ठक्कर खाएर जमीनमा लोट्नेछन्।
सेनाले मेरो विरुद्धमा छाउनी बनाए तापनि मेरो हृदय डराउनेछैन।
मेरो विरुद्धमा लडाइँ चले पनि त्यस बेला म पूरा आत्मविश्वास राख्नेछु।
एउटै कुरा म परमप्रभुसँग माग्दछु, मैले खोजेको यही हो,
कि जीवनभरि म परमप्रभुको भवनमा रहन पाऊँ र
उहाँको सुन्दरतालाई हेरिरहन पाऊँ र उहाँको मन्दिरमा उहाँलाई खोज्न सकूँ।
किनकि संकटको दिनमा उहाँले मलाई उहाँको वासस्थानमा सुरक्षित राख्नुहुनेछ
आफ्नो पवित्र वासस्थानमा उहाँले मलाई लुकाइदिनुहुनेछ,
अनि एउटा चट्टानमाथि उच्च राख्नुहुनेछ।
तब मेरो वरिपरीका शत्रुहरुमाथि मेरो शिर उच्च पारिनेछ,
र उहाँको पवित्र वासस्थानमा हर्षले कराउँदै म बलिदान चढाउनेछु,
म भजन गाउनेछु र परमप्रभुको प्रशंसा गर्नेछु।
हे परमप्रभु जब म उच्च स्वरले कराउँछु, तब सुन्नुहोस्,
म माथि कृपालु हुनुहोस् र मलाई जवाफ दिनुहोस्।
मेरो हृदयले तपाईको विषयमा भन्दछ, उहाँको मुहारको खोजी गर्।
हे परमप्रभु, तपाईको मुहारको खोजी म गर्नेछु।
तपाईको मुहार मबाट नलुकाउनुहोस्,
क्रोधमा तपाईको दासलाई नहटाउनुहोस्। तपाई मेरो सहायक हुनुभएको छ।
मलाई इन्कार नगर्नुहोस्, मलाई नत्याग्नुहोस्, हे मेरा उद्धारकर्ता परमेश्वर !
मेरा बाबु र मेरी आमाले मलाई त्यागे तापनि
परमप्रभुले मलाई सम्हाल्नुहुनेछ।

हे परमप्रभु, तपाईको मार्ग मलाई सिकाउनुहोस्
र मेरो शत्रुहरुको कारण मलाई सोझो मार्गमा डोऱ्याउनुहोस् ।
मेरा बैरीहरुको इच्छामा मलाई नछोडिदिनुहोस्,
किनकि झूटा गवाहीहरु मेरा विरुद्धमा उठेका छन्
अनि तिनीहरु हिंसा गर्नलाई फुलिएर हिँड्छन् ।
मलाई अझ पनि विश्वास छ कि जीवितहरुको देशमा परमप्रभुको उत्तमता देख्नेछु ।
परमप्रभुको प्रतिक्षा गर
र बलिया होऊ
र तिम्रो हृदय साहसिलो होस्
र परमप्रभुकै प्रतिक्षा गर ।

## पाठ ५

# प्रेम - खीष्टको सांसारिक सेवकायीको अर्थ

**(मत्ती ८-१०)**

**"तर भीडहरुलाई देखेर उहाँको हृदय तिनीहरुका निम्ति दयाले भरियो किनभने तिनीहरु गोठाला बिनाका भेँडाहरु जस्तै हैरान र असहाय भएका थिए ।" (मत्ती ९:३६)**

✶ यो पाठ शुरु गर्नुभन्दा अगाडि, कति मानिसहरुले आफ्नो व्यक्तिगत समय प्रभुसँग बिताएका छन् भन्ने कुरालाई जाँच गर्नुहोस् । आलोचनात्मक रुपमा होइन तर प्रेममा तिनीहरुलाई प्रभुको वचनमा रहनको लागि र प्रार्थनामा समय बिताउन उत्साहित गर्नुहोस् । मत्तीको सुसमाचार नसिध्याएसम्म निरन्तर अध्ययन गरिरहन भन्नुहोस् । यदि कसैले गवाही भन्ने अवसर चाहन्छ भने दिनुहोस् ।

## पुनरावलोकन

१. भविष्यवक्ता यशैयाले बताए कि येशूको नाउँ इम्मानुएल राखिनेछ, जसको अर्थ परमेश्वर . . . . . . . . . . हो ।

२. येशूले भन्नुभयो कि उहाँको दोस्रो आगमन हुँदा सबैले उहाँलाई . . . . मा शक्ति र महिमासाथ आइरहनुभएको देख्नेछन् ।

३. येशूले भन्नुभयो कि . . . . बाहेक अरु कसैलाई पनि उहाँको दोस्रो आगमनको बारेमा थाहा छैन ।

४. आफ्ना . . . . स्वीकार गर्नेहरुलाई यूहन्नाले बप्तिस्मा दिए ।

५. यूहन्नाले भने, जो मपछि आउनुहुन्छ उहाँले संसारका मानिसहरुलाई विभाजन गर्नुहुनेछ । जसले उहाँलाई इन्कार गर्छ उनीहरु कहिल्यै ननिभ्ने . . . . मा फ्याँकिनेछन् ।

६. येशूले तीन चोटीसम्म परमेश्वरको . . . . प्रयोग गरेर जवाफ दिनुभयो ।

७. यदि हामी परमेश्वरसँग नजिक हुन चाहन्छौं भने, हामीले . . . . . . उहाँसँग एकान्तमा समय बिताउनुपर्छ ।

८. येशूले हामी सबैलाई मानिसको . . . . . . . हुन बोलाउनुभयो ।

९. आँधी बेहरी आएको बेलामा येशूले डुङ्गामा के गर्नुभयो ?

१०. चेलाहरु किन डराएका थिए ?

११. येशूले चेलाहरुलाई हप्काउनुभयो, किनभने तिनीहरु . . . . का थिए र उहाँमाथि विश्वास गरेनन् ।

१२. बाइबलले हामीलाई सिकाउँदछ कि हामी परमेश्वरको सुरक्षाको अधीनमा रहन्छौं भने, हामी . . . . . . पर्दैन ।

आँधी बेहरीपछि उहाँ र चेलाहरु पारीपट्टि अर्को ठाउँमा पुग्नुभयो । त्यहाँ दुष्ट आत्माले पक्रेका दुईजना मानिसहरु थिए । तिनीहरु डरलाग्दा थिए र चिहान हुँदो तिनीहरुको बास हुन्थ्यो । तीमध्ये एकजनाले चिच्याएर यसो भन्यो, “हे परमेश्वरका पुत्र, येशू तपाईको हामीहरुसँग के सरोकार ? हाम्रो समय नपुगी हामीहरुलाई कष्ट दिनु तपाई यहाँ आउनुभएको हो ?”

यी दुष्ट आत्माले सताएका मानिस भएको ठाउँभन्दा केही पर, सुँगुर चराउनेहरुको एक झुण्ड थियो, तिनीहरुले समुद्रको छेऊमा आफ्ना सुँगुरहरु चराइरहेका थिए । ती दुष्ट आत्माले येशूलाई यसरी भने, “यदि हामीलाई यी मानिसहरुबाट निकाल्न चाहनुहुन्छ भने, हामीलाई सुँगुरको बथानमा जान दिनुहोस् ।” अनि येशूले तिनीहरुलाई भन्नुभयो, “जाओ ।” तब तिनीहरु निस्केर सुँगुरहरुमा पसे र सुगुरको जम्मै बथान हुर्रिंदै भीरबाट खसेर पानीमा डुबी मरे ।



सुँगुर चराउनेहरु भागे र शहरमा गएर ती भूत लागेकाहरुलाई र ती सुँगुरहरुलाई के भयो सुनाइदिए । तब जम्मै शहर नै येशूलाई भेट्न उल्टेर आयो र उहाँलाई देखेर मानिसहरुले तिनीहरुको इलाकाबाट जानुहोस् भनी उहाँलाई बिन्ती गरे ।

त्यसपछि येशू आफ्नो शहर गालीलमा आउनुभयो र त्यहाँ मानिसहरुको खाटमा बसिरहेको एकजना पक्षघात रोग लागेको मानिसलाई उहाँकहाँ ल्याए । येशूले त्यस मानिसलाई निको पार्नुभयो र उसको पाप पनि क्षमा गर्नुभयो । त्यहाँ हुने धेरैले परमेश्वरको महिमा गरे, तर फरिसीहरुले उहाँलाई परमेश्वरको निन्दा गर्ने मानिस भन्ठाने ।

येशू त्यहाँबाट जानुहुँदा मत्ती भन्ने एउटा मानिसलाई कर उठाउने अड्डामा बसिरहेको देख्नुभयो । उहाँले तिनलाई भन्नुभयो, “मेरोपछि लाग, अनि तुरुन्तै उनी उठेर उहाँकोपछि लागे । येशू धेरै कर उठाउनेहरु, शहरका पापीहरुसँग खान बस्नुभयो । जब फरिसीहरुले त्यो देखे, अनि उहाँका चेलाहरुलाई यसरी प्रश्न गरे, “किन तिमीहरुका गुरु कर उठाउनेहरु र पापीहरुसँग खान्छन् ।” येशूले तिनीहरुलाई यसो भनेर जवाफ दिनुभयो, “म बलिदान होइन दया चाहन्छु ।”

त्यसपछि येशूले मानिसहरुसँग बोल्दै हुनुहुन्थ्यो । तब सभाघरका एकजना शासक आए । उनकी छोरी मरिसकेकी थिइन् । अनि येशू त्यस शासकको घरको शोक सभामा जानुभयो । येशूले त्यस केटीको हात समात्नुभयो अनि त्यो जुरक्क उठी ।

हामीलाई दया गर्नुहोस् भन्दै उहाँको पछिपछि लागेका दुईजना अन्धाहरुलाई येशूले निको पार्नुभयो । अनि मानिसहरुले भूत लागेको गुँगो मानिस उहाँकहाँ ल्याए । येशूले त्यसबाट भूत निकाली दिनुभयो र त्यो निको भयो ।

भीडहरुलाई देखेर उहाँको हृदय तिनीहरुका निम्ति दयाले भरियो किनभने तिनीहरु गोठालाबिनाका भेडाहरुजस्तै हैरान र असहाय भएका थिए । उहाँले आफ्ना चेलाहरुलाई भन्नुभयो, “फसल प्रशस्त छ, तर खेतलाहरु थोरै छन् यसकारण फसलका प्रभुलाई प्रार्थना गर र उहाँले आफ्ना फसलमा खेतलाहरु पठाइदिऊन् ।”

त्यसपछि येशूले आफ्ना चेलाहरुलाई इस्रायल देशभरि पठाउनुभयो । उहाँले तिनीहरुलाई मानिसको आवश्यकता पूरा गर्ने शक्ति दिनुभयो ।

तिनीहरुको उद्देश्य प्रभुको प्रेम मानिसहरुको बीचमा सुनाउनु र देखाउनु थियो । तिमीहरुले सुसमाचार सुन्न इच्छुक भएको मानिस खोज्नु भनेर येशूले तिनीहरुलाई विशेष शिक्षा दिनुभयो । येशूले तिनीहरुलाई भन्नुभयो, जब यस्ता मानिसहरु भेट्छौ, तब त्यस व्यक्तिको घरमा शान्ति आओस् । तर धेरैले तिनीहरुको सन्देश इन्कार गर्नेछन् भनी उहाँले तिनीहरुलाई सावधान गराउनुभयो ।

उहाँले तिनीहरुलाई भन्नुभयो, "हेर म तिमीहरुलाई ब्वाँसाहरुका बीचमा भेडाझैं पठाइरहेछु, यसकारण तिमीहरु सर्पझैं चनाखो र ढुकुरझैं निर्दोष होओ ।" भौतिक आवश्यकताको बारेमा चिन्ता नगर्नु भनी उहाँले तिनीहरुलाई भन्नुभयो । किनभने परमेश्वरले हाम्रो शिरमा भएको रौंको पनि गन्ती गर्नुहुन्छ, उहाँलाई हामीहरुको सबै कुरा थाहा छ, उहाँले नै सबै कुराको नियन्त्रण गर्नुहुन्छ ।

अन्त्यमा उहाँले तिनीहरुलाई यसो भन्नुभयो, "जसले यी सानाहरुमध्ये एउटालाई मेरो चेला मानेर एक कचौरा चिसो पानी मात्र भए पनि पिउन देला, साँच्चै म तिमीहरुलाई भन्दछु, त्यसले आफ्नो इनाम कदापि गुमाउनेछैन ।"

## मौखिक प्रश्नहरु :

१. गालीलको समुद्रमा भएको ठूलो आँधी बेहरीपछि येशूले कसलाई भेट्नुभयो ?

२. ती दुईजना व्यक्तिको समस्या के थियो ?

३. तिनीहरुको लागि येशूले के गर्नुभयो ?

४. किन सुँगुरहरुले आफैलाई समुद्रमा डुबाए ?

५. शहरमा मानिसहरुले येशूलाई किन तिनीहरुको इलाका छोडेर जान बिन्ती गरे ?

६. पक्षघात रोग लागेको मानिसलाई येशूले के गर्नुभयो ?

७. फरिसीहरुले येशूलाई किन निन्दा गर्ने मानिस भने ?



८. कर उठाउने मानिसको नाउँ के थियो, जसलाई येशूले "मेरोपछि लाग" भन्नुभयो ?

९. येशूले विशेष ठाउँमा आफ्ना साथीहरुसँग खाना खाँदै हुनुहुन्थ्यो र फरिसीहरुले किन उहाँको आलोचना गरे ?

१०. ती मानिसहरुप्रति येशूको जवाफ के थियो ?

११. अधिकारीको छोरीलाई येशूले के गर्नुभयो ?

१२. अन्धो मानिसहरुको लागि येशूले के गर्नुभयो ?

१३. बोल्न नसक्ने अन्धो मानिसलाई येशूले कसरी निको पार्नुभयो ? उसलाई के भएको थियो ?

१४. येशूले चेलाहरुलाई के गर्न पठाउनुभयो ?

१५. येशूले आफ्ना चेलाहरुलाई के गर्न पठाउनुभयो ?

१५. येशूले आफ्ना चेलाहरुलाई . . . झैं चनाखो र . . . . झैं निर्दोष हुन भन्नुभयो ।

१६. येशूले चेलाहरुलाई के कुराको चिन्ता नगर्नु भन्नुभयो ?

१७. उहाँले भन्नुभयो कि परमेश्वरलाई तिमीहरुको . . . . . को रौंको पनि गन्ती थाहा छ ।

१८. येशूले तिनीहरुलाई भन्नुभयो, "जसले यी सानाहरुमध्ये एउटालाई मेरो चेला मानेर एक कचौरा चिसो पानी मात्र दियो भने पनि त्यसले इनाम गुमाउनेछैन ।" यहाँ उहाँले कस्तो मानिसको बारेमा कुरा गर्दै हुनुहुन्थ्यो ?

# आत्मिक सत्यताहरू

## मत्ती ८-१०

१. येशूले हरेक व्यक्तिलाई वास्ता गर्नुहुन्छ । उहाँले भूतआत्माले सताइएको, बिरामी, गरीब, धनी र विशेषगरी बालकहरु सबैको वास्ता गर्नुहुन्छ । हरेक परमेश्वरको राज्यमा मूल्यवान छन् ।

२. मानिसहरुले सधैं एक-अर्काको वास्ता गर्दैनन् । जब येशूले दुष्ट आत्मालाई निकाल्नुभयो, त्यहाँका बासिन्दा निकै दुःखित भए किनभने तिनीहरुलाई मानिसहरुको भन्दा सुँगुरको बढी चिन्ता थियो, अनि तिनीहरुले उहाँलाई तिनीहरुको इलाका छोडेर जानुहोस् भने । तिनीहरुले येशूले सधैं मानिसहरुलाई सहायता गर्नुभयो त्यसको बारेमा मात्र दुःखित हुन्थ्यो । मानिसभन्दा रुपैया पैसाको मूल्य मान्यता बढी हुनु कतिचोटी सजिलो छ । दुर्भाग्यवश, हामीहरुमध्ये धेरैजसो यो समस्यामा फँसेका हुन्छौं । १तिमोथी ६:१० ले भन्दछ, "किनभने रुपैयाँ पैसाको मोह नै सबै किसिमको खराबीको जरा हो । पैसाको लोभमा परेर कोही विश्वासबाट कुमार्गतिर लागेका छन् र धेरै पीडाले तिनीहरुको हृदय घोचेको छ ।" प्रभु येशूले मत्ती ६:१९-२१ मा के भन्नुभयो ती शब्दहरु पनि सम्झनुहोस् : "आफ्नो निम्ति पृथ्वीमा धन सम्पत्ति नथुपार, जहाँ कीरा र खियाले नष्ट पार्छन् र जहाँ चोरहरुले घर फोरेर ती चोर्छन् । तर आफ्नो निम्ति स्वर्गमा धन सम्पत्ति थुपार, जहाँ तिम्रो धन हुन्छ, त्यही तिम्रो मन पनि हुन्छ ।" रुपैयाँ पैसा शक्तिशाली हुन्छ । यसले हामीलाई नियन्त्रण गर्छ ।

- प्रत्येक हप्ता मेले रुपैयाँ पैसा कसरी खर्च गर्छु ? विचार गरौं, यसलाई कापीमा लेख्नु असल होला ।
- आफैलाई प्रश्न गर्नुहोस् कि मेरो रुपैयाँ पैसा खर्च गराइबाट मैले येशू प्रभुको आदर गरेको छु वा छैन ?





- के मैले गरेको कुराले परमेश्वरको अनादर गरेको छ ? के मैले रुपैयाँ खर्च गर्दा अरुलाई चोट पुगेको छ ? मैले रुपैयाँ खर्च गर्दा अरुलाई सहायता पुगेको छ ?

पुरानो करारमा, परमेश्वरले हरेक व्यक्तिलाई दशांश दिने आज्ञा गर्नुभयो । नयाँ करारमा, हाम्रो जीवन र हामीसँग भएका सबै कुरा उहाँलाई दिनुपर्छ भनिएको छ, तर परम्पराको आधारमा हामीले पुरानो करारमा भनिएको जस्तै, हाम्रो कमाइको १० प्रतिशत (दशांश) मात्र परमेश्वरको सेवकायीको लागि मण्डलीमा दिन्छौं, जसलाई दशांश भनिन्छ । उहाँको सेवकायी (काम) को लागि तपाईले कति पैसा उहाँलाई दिन चाहनुहुन्छ ? अहिलेदेखि नै प्रार्थना गर्न शुरु गर्नुहोस् । बाइबलले हामीलाई सिकाउँछ कि जसले परमेश्वरको राज्यको बृद्धि गर्नको लागि दिन्छ वा खर्च गर्छ, उसलाई परमेश्वरले आशिष दिनुहुन्छ । बाइबलले यो पनि सिकाउँदछ कि येशूले हाम्रो सबै आवश्यकता पूरा गर्नुहुनेछ । सायद तपाईले सोच्नुहुन्छ होला, "म कति गरीब छु भन्ने कुरा के परमेश्वरले बुझ्नुहुन्न ? मेरो अरुलाई तिर्नुपर्ने ऋण कति छ भनेर के परमेश्वरले बुझ्नुहुन्न ?" येशूले संसारको एकदमै गरीब परिवारमा जन्म लिनुभएको थियो । येशूले हाम्रो गरीबीका समस्याहरु बुझ्न सक्नुहुन्छ, तर उहाँले हामी हरेक कुरामा विश्वासयोग्य र आज्ञाकारी भएको चाहनुहुन्छ । जे कुरा उहाँले हामीलाई गर्न भन्नुभएको छ सो गरेको उहाँ चाहनुहुन्छ । प्रभुलाई सोध्नुहोस् कि तपाईले तपाईको आर्थिकीबाट कसरी उहाँको सेवकायीमा सहायता गरेको उहाँले चाहनुहुन्छ ।

३. ख्रीष्ट येशूलाई पछ्याउनु भनेको उहाँको अनुसरण गर्नु र उहाँले जस्तै अरुहरुलाई प्रेम गर्नु हो । यो सत्य हो कि उहाँले जसरी हामीले मानिसहरुलाई निको पार्न सक्दैनौं । तर आज पनि येशूले मानिसहरुलाई निको पार्नुहुन्छ र उनीहरुलाई रोगबाट छुट्कारा दिनुहुन्छ । उनीहरुको दुःखाइको घडीमा हामी उनीहरुको छेउ-छेउमा बसेर हात समातेर उनीहरुको दुःखमा सहभागी हुनुपर्छ । येशूले तिनीहरुको निम्ति गर्नुभएको प्रेम तिनीहरुलाई भन्नुपर्छ । हामीले दुष्ट आत्मा लागेकाहरुको लागि प्रार्थना गर्नुपर्छ । येशूले आज पनि संसारभरिका उहाँका मानिसहरुको प्रार्थनाद्वारा दुष्ट

आत्मालाई निकाल्न सक्नुहुन्छ । हामीले आवश्यकता भएका व्यक्तिहरुका लागि सहायताको निम्ति प्रार्थना गर्नुपर्छ । उनीहरुको भौतिक अवश्यकताको लागि हामीले के गर्न सक्दछौं सो हामीले गर्नुपर्छ, तर विशेषगरी ख्रीष्टको बारेमा तिनीहरुलाई भन्नुपर्छ जसले उनीहरुको जीवनलाई नयाँ बनाउन सक्नुहुन्छ । हामीले विशेषगरी बालबच्चालाई सहायता गर्नुपर्छ । येशूले आफ्ना चेलाहरुलाई यी सबै गर्नलाई आज्ञा गर्नुभयो तर उहाँले बालबच्चाहरुलाई सहायता गर्नेहरुको लागि विशेष इनामको प्रतिज्ञा गर्नुभएको छ ।

४. कुनै मानिसहरुलाई प्रेम गर्न सजिलो हुँदैन, तर परमेश्वरले हामीलाई दयालु भएको चाहनुहुन्छ । त्यो समयमा कर उठाउनेहरुलाई एउटा विशेष कारणले राम्रो मानिदैनथ्यो । तिनीहरुले भ्रष्ट सरकारको लागि मानिसहरुबाट रुपैयाँ जम्मा गर्दथे र तोकिएको भन्दा धेरै कर मानिसहरुबाट जम्मा गर्दथे र आफ्नो खल्तीमा हाल्थे । तपाईबाट चोरी गरेको व्यक्तिलाई प्रेम गर्नु सजिलो छैन, विशेषगरी त्यो व्यक्ति जसले आफूले गरेको खराब कामको पश्चाताप गरेको छैन । तर येशू प्रभुले भन्नुहुन्छ, हामीहरु उहाँको अनुयायी भएकाले यी मानिसहरुलाई उनीहरुले गरेको गल्ती कामको दोष लगाउने अधिकार हामीलाई छैन । हाम्रो काम भनेको चाहिँ उनीहरुको लागि प्रार्थना गर्नु, प्रेम गर्नु र परमेश्वरको क्षमादानको सत्यता देखाउनु मात्र हो । यदि तिनीहरुले पनि आफ्नो पापको पश्चाताप गरे भने, परमेश्वरबाट क्षमा प्राप्त गर्नेछन् । बाइबलले भन्दछ हामी सबै पापीहरु दण्डयोग्य छौं । बाइबलले भन्दछ, हामीले परमेश्वरबाट क्षमादान र दया पाएका छौं । त्यसकारण त्यसकारण हामीले पनि अरुहरुलाई क्षमा र दयाको भावनाले हेर्नुपर्छ । यद्यपि हाम्रो जीवनमा परमेश्वरको शक्तिबिना हामीले यो काम गर्नु असम्भव हुन्छ ।

५. संसारमा भएका आवश्यकताहरु महान छन्, हामीले एक्लैले यो पूरा गर्न सक्दैनौं । संसारमा करोडौं मानिसहरु छन् जसले कहिल्यै पनि ख्रीष्टको प्रेमलाई अनुभव गरेका छैनन् । संसारमा कसैबाट पनि प्रेमको अनुभव नगरेका मानिसहरु करोडौं छन् । यदि कसैले तिनीहरुलाई आफ्नो जीवन ख्रीष्टलाई दिएको उदाहरण र उहाँको प्रेमको अनुभव देखाए भने ती मानिसले पनि यी कुराहरुको अनुभव गर्नेछन् । हामीले गर्न सक्ने काम हामीले गर्नुपर्छ र हामीले प्रार्थना पनि गर्नुपर्छ ता कि परमेश्वरले अरु धेरै मानिसहरु दिनुहुनेछ जसद्वारा परमेश्वरको प्रेम जान्न अरुलाई सहायता हुनेछ ।



६. तपाईले आफ्नो प्रेम परमेश्वर र एक-अर्कालाई दिएर र तपाईको दशांश भेटी स्थानीय मण्डलीमा दिएर परमेश्वरको काममा सहभागी सक्नुहुन्छ । परमेश्वरले स्थानीय मण्डलीलाई मानिसहरुको आत्मिकी, मानसिक र भौतिकी खाँचो पूरा गर्नलाई प्रयोग गर्नुहुन्छ । परमेश्वरले हामीद्वारा दिएको दशांश मण्डलीको काम पूरा गर्नको लागि प्रयोग गर्नुहुनेछ ।

## छलफलको लागि प्रश्नहरु :

१. कुन कुन तरिकाद्वारा मैले मेरा परिस्थितिहरुमा अरुलाई परमेश्वरको प्रेम देखाउन सक्छु ?

२. मेरो वरिपरी रहने मानिसहरुका विशेष आवश्यकताहरु के-के हुन् ? त्यहाँ मानिसहरु कसरी दुःखित भैरहेका छन् ?

३. यस्ता मानिसहरुलाई मैले कसरी सहायता गर्न सक्छु ?

४. विशेषगरी बाल बच्चाहरुलाई मैले कसरी परमेश्वरको प्रेम देखाउन सक्दछु ?

५. मानिसहरुको अगाडि मेरो जीवनमा रुपैयाँ पैसा कसरी प्रयोग भएको छ ?

६. के मैले रुपैयाँ पैसाले परमेश्वरको आदर गरेको छु ?

७. मेरो वरिपरी रहनेहरुको निम्ति मैले कसरी परमेश्वरको दया देखाउन सक्दछु ?

★ अरु देशमा हुनेहरु जसले अहिलेसम्म पनि परमेश्वरको प्रेम चाखेका छैनन् उनीहरुको लागि प्रार्थना गर्न र त्यहाँ सुसमाचार प्रचार गर्न जानेहरुलाई सहायता गर्नेबारे छलफल गर्ने यो अर्को एउटा असल समय हो ।

# पाठ ६

# धोका र क्षमादान

(मत्ती २१-२७:१०)

**"यदि हामीले आफ्ना पापहरु स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पापहरु क्षमा गर्नुहुन्छ र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ ।"** (१यूहन्ना १:९)

## पुनरावलोकन

१. भविष्यवक्ता यशैयाले बताए कि येशूको नाउँ इम्मानुएल राखिनेछ, जसको अर्थ परमेश्वर . . . . . . . . . . . हो ।

२. येशूले भन्नुभयो, एक जनालाई मात्रै उहाँ कहिले आउनुहुन्छ भन्ने थाहा छ । उहाँ . . . . हुनुहुन्छ ।

३. आफ्नो . . . .को पश्चाताप गर्ने धेरैलाई बप्तिस्मा दिने यूहन्नाले उजाड स्थानमा बप्तिस्मा दिए ।

४. येशूले तीन पल्टसम्म परमेश्वरको . . . प्रयोग गरेर शैतानलाई जवाफ दिनुभयो ।

५. यदि हामीले परमेश्वरलाई अझै राम्रोसँग जान्न चाहन्छौं भने, हामीले . . . . . उहाँसँग समय बिताउन जरुरी हुन्छ ।

६. येशूले हामी सबैलाई मानिसका . . . हुन बोलाउनुभयो ।

७. मानिसहरुका रोगहरु . . . पारेर येशूले आफ्नो प्रेम देखाउनुभयो ।

८. येशू मानिसहरुलाई देखेर दयाले भरिनुभयो, किनभने तिनीहरुका धेरै . . . . . . . देख्नुभयो ।





९. येशूले आफ्नो चेलाहरुलाई भन्नुभयो, "सारा मानिसहरु कहाँ जाओ तर . . . झैं चनाखो र . . . झै निर्दोष हुनु ।"

१०. येशूले भन्नुभयो कि उहाँले हाम्रो शिरमा भएका. . . . .को पनि गन्ती थाहा छ ।

११. येशूले भन्नुभयो, "जसले यी सानाहरुमध्ये एउटा मेरो चेला मानेर एक कचौरा चिसो पानी मात्र देला तिनीहरुले आफ्नो . . .गुमाउनेछैनन् ।"

१२. जब उहाँ चेलाहरुसँग डुङ्गामा हुनुहुन्थ्यो, त्यहाँ ठूलो आँधी-बेहरी आयो, उहाँले चेलाहरुलाई . . . . . . भन्नुभयो ।

येशूले गालीलमा धेरै जनालाई सिकाउनुभयो, शिक्षा दिनुभयो र धेरैलाई तिनीहरुका रोगबाट निको पार्नुभयो । तर यो सबै परमेश्वरको योजनाअनुसार भएको कुरा उहाँले चेलाहरुलाई स्पष्ट पार्नुभयो किनकि उहाँले आफ्ना सत्यहरु बुद्धिमानहरुबाट लुकाउन र बच्चाहरुलाई प्रकट गर्न चुन्नुभयो ।

येशूले पहिले नै आफ्ना चेलाहरुलाई भन्नुभएको समय आयो । यो समयमा उहाँलाई यरुशलेम जानुपर्दथ्यो, धार्मिक अगुवाहरु र प्रधान पूजाहारीहरुबाट दुःख कष्ट भोग्नुपर्दथ्यो, मारिनुपर्दथ्यो र मृत्युबाट जीवित भइ उठ्नुपर्दथ्यो ।

उहाँ यरुशलेममा जानु चाहिँ विशाल परिस्थिति (घट्ना) थियो । त्यो बाटोको दुवै छेऊमा मानिसहरुको भीड लागेको थियो । मानिसहरुले आफ्ना कपडाहरु र खजुरका पातहरु उहाँको स्वागतको लागि बाटोमा ओछ्याएका थिए । र त्यहाँबाट येशू गधामाथि चढेर जाँदै हुनुहन्थ्यो ।

उहाँको अगि र पछि लागेका भीड यसो भन्दै कराए, "दाउदका पुत्रलाई होसन्ना ! धन्य उहाँ, जो परमेश्वरको नाउँमा आउनुहुन्छ ! परमधाममा होसन्ना !"

मानिसहरुलाई तिनीहरुको रोगबाट निको पार्दै, प्रचार गर्दै र सिकाउँदै येशू केही दिन त्यहाँ रहनुभयो । तर फरिसीहरु र सदुकीहरुसँग उहाँको बहस र वादविवाद भयो ।

येशूका चेलाहरुमध्ये एकजना यहूदा इस्करयोती भन्नेले पैसाको निम्ति येशूलाई विश्वासघात गरेर प्रधानपूजाहारीसँग रुपैयाँ माग्यो । तिनीहरुले उसलाई चाँदीको तीस सिक्का दिए र उसले त्यो लियो ।

यहूदीहरुको धेरै महत्वपूर्ण विदाको दिन, निस्तार चाडको साँझमा उहाँ बाह्रै चेलाहरुसँग अन्तिम भोजको लागि खान बस्नुभयो । तिनीहरुले खाइरहेको बेलामा येशूले रोटी लिनुभयो र त्यो भाँच्नुभयो र चेलाहरुलाई भन्नुभयो, “लेओ, खाओ, यो मेरो शरीर हो । त्यसपछि कचौरा लिएर धन्यवाद दिइ उहाँले तिनीहरुलाई यसो भनेर दिनुभयो, तिमीहरु सबैले यस कचौराबाट पिओ किनभने यो नयाँ करारको मेरा रगत हो । जो धेरैका निम्ति पापको प्रायश्चितको लागि बगाइन्छ ।”

त्यसपछि उहाँहरु सबै जैतुन डाँडामा जानुभयो । यहाँ येशूले तिनीहरुलाई चेतावनी दिनुभयो कि तिनीहरु सबैले धोका दिनेथिए । पत्रुसले आफ्ना प्रभुलाई कहिल्यै नछोड्ने र धोका नदिने जिद्धी गरे । येशूले उनलाई भन्नुभयो, “तिमीले मलाई धोका मात्रै होइन तर आज राती भाले बास्नुअघि मलाई तीन चोटीसम्म इन्कार गर्नेछौ ।”

त्यहाँबाट आफ्ना चेलाहरुलाई लिएर येशू गेतस्मनीमा जानुभयो । त्यहाँ उहाँले रातभरि प्रार्थना गर्नुभयो । उहाँ व्याकूल र दुःखित हुनुहुन्थ्यो । उहाँले आफ्ना चेलाहरुलाई उहाँसँगै प्रार्थना गर्न भन्नुभयो तर तिनीहरु सबै निदाए । येशूलाई पक्राउने यहूदा, पूजाहारीहरु र अरु मानिसहरु बगैंचामा आए तब मात्र तिनीहरुको आँखा खुले ।

यहूदाले उहाँलाई पक्राइदिने सङ्केत गरेर उहाँलाई म्वाइ खायो । अनि प्रधान पूजाहारीहरुले उहाँलाई गिरफ्तार गरी प्रधान पूजाहारी कैयाफाको घरमा लगे । तब सबै चेलाहरु उहाँलाई छोडेर गेत्समनीबाट भागे ।

प्रधान पूजाहारीको घरमा पूजाहारीहरु र अगुवाहरुले येशूसँग सोधपुछ गरिरहँदा पत्रुस बाहिर आँगनमा बसिरहेका थिए । एउटी नोकर्नीले तिनीकहाँ आएर भनी, “तिमी पनि गालील निवासी येशुसँग थियौ ?” पत्रुसले होइन भनेर इन्कार गरे । तिनी बाहिर दलानमा निस्केपछि अर्कीले तिनलाई देखी र उनी येशूसँगै थिए भनी । पत्रुसले फेरि इन्कार गरे । केही बेरपछि त्यहाँ भएकाहरुले पनि नजिक आएर पत्रुसलाई भने, “साँच्चै तिमी पनि तिनीहरुमध्येका एक हौ ।” तब पत्रुसले आफैलाई सराप्दै शपथ खान लागे, “म ती मानिसलाई चिन्दै चिन्दिनँ ।” अनि तुरुन्तै भाले बास्यो । अनि पत्रुसले जैतुन डाँडामा येशूले भन्नुभएको वचन सम्झिए । तब तिनी बाहिर गएर धुरुधुरु रोए ।



जब बिहान भयो, प्रधान पूजाहारीहरुले येशूलाई मृत्यु दण्ड दिन पिलातसकहाँ लगे । तब उहाँलाई पक्राउने यहूदाले उहाँमाथि दण्डाज्ञा भएको देखिकन पछुतो गऱ्यो र मुख्य पूजाहारीहरु र धर्म गुरुहरुलाई चाँदीका तीस सिक्का फिर्ता दिन ल्यायो र भन्यो, “मैले निर्दोष मानिसलाई धोखा दिएर पाप गरेको छु ।” तर तिनीहरुले त्यसलाई भने, “हामीलाई के मतलब ? तँ आफै जान् ।” तब यहूदाले चाँदीका ती सिक्काहरु मन्दिरमा फ्याँकेर गयो र झुण्डेर आत्महत्या गऱ्यो ।

## मौखिक प्रश्नहरु

१. परमेश्वरको योजना उहाँको सत्यतालाई बुद्धिमान मानिसहरुबाट छिपाउनु थियो र कसलाई प्रकट गर्नुथियो ?

२. उहाँ यरुशलेममा प्रवेश गर्नुहुँदा येशूसँग कस्तो व्यवहार गरिएको थियो ? यहूदा प्रधान पूजाहारीकहाँ किन गयो र तिनीहरुले उसलाई चाँदीका तीस सिक्का किन दिए ?

४. येशूले चेलाहरुसँग निस्तार चाडको बेलामा रोटी र दाखरसको महत्वको बारेमा भन्नुभएको थियो । त्यो के हो ?

५. येशूले तिनीहरुलाई भन्नुभयो कि उहाँको रगत बग्नैपर्नेथियो, किन ?

६. तिनीहरुले उहाँलाई धोखा दिने कुरा येशूले जैतुनको डाँडामा चेलाहरुलाई भन्नुभयो । पत्रुसले यस कुरालाई इन्कार गऱ्यो । त्यसपछि येशूले पत्रुसको बारेमा के भविष्यवाणी गर्नुभएको थियो ?

७. कस्तो सङ्केतद्वारा यहूदाले येशूलाई पक्राएको थियो ?

८. अगुवाहरुले येशूलाई सोधपुछ गरिरहेका बेला पत्रुस कहाँ थिए ?

९. दुईजना केटीहरुले पत्रुसलाई उनलाई के दोष लगाएका थिए ?

१०. तेस्रो पटक केही मानिसहरु आएर पत्रुस येशूसँग भएको दाबी गरे। पत्रुसले तिनीहरुलाई के जवाफ दिए ?

११. येशूलाई धोखा दिएको कारण यहूदाले कहिले आफूलाई दोषी ठान्यो ?

१२. यहूदा किन प्रधान पूजाहारीकहाँ फर्केर गयो ?

१३. जब प्रधान पूजाहारीले यहूदालाई दिएको ३० सिक्का फिर्ता लिन मानेनन्, तब यहूदाले के गऱ्यो ?

# आत्मिक सत्यताहरू

## मत्ती २१–२७:१०

१. येशूले चेलाहरुसँग अन्तिम भोज गर्नुभएको परम्परा आज पनि उहाँका अनुयायीहरुले गरिरहेका छन्, यसलाई हामीले प्रभुभोज भन्दछौं। यो एउटा साधारण घट्ना होइन, जसले हाम्रो पाप क्षमा गर्न सक्दैन वा यसले हाम्रो शरीरमा विशेष कार्य पनि गर्दैन। यो त्यही घडीमा साधारण रोटी र दाखरस प्रभुको शरीर र रगत पनि बन्ने कुरा होइन। यो प्रभु येशूमा विश्वास गर्ने जनहरुले एकै ठाउँमा जम्मा भएर क्रूसमा खीष्टले गर्नुभएको बलिदानको सम्झना गर्दै रोटी खाने र दाखरस पिउने प्रभुको आज्ञा हो। यो खीष्ट येशूले हाम्रो पाप क्षमा गर्नुभएको मूल्यलाई सम्झना गर्नु हो। यो खीष्ट येशूले हाम्रो पाप क्षमा गर्नुभएको कार्यमा एक साथ उहाँमा रमाउने कार्य हो र उहाँलाई हामीले हल्का सोच्नुहुँदैन। यो हाम्रो निम्ति खीष्ट येशूले गर्नुभएको बलिदानमाथि ध्यान दिने समय हो। क्रूसमा उहाँले हाम्रो निम्ति गर्नुभएको कुरालाई सम्झँदै आफूले आफैलाई जाँच्ने समय हो।

२. हामीले गर्नुभन्दा पहिले परमेश्वरले हाम्रो असफलतालाई जान्नुहुन्छ र अझै उहाँले हामीलाई ग्रहण गर्नुहुन्छ र परमेश्वरको राज्यको लागि प्रयोग गर्न चाहनुहुन्छ। जुन बेलादेखि येशूले पत्रुसलाई मानिसको जालहारी हुनलाई पहिलो पल्ट बोलाउनुभयो, त्यही बेलादेखि नै पत्रुसले येशूलाई पछ्याए। प्रेरितको पुस्तकमा हामीले सिक्दछौं कि परमेश्वरले पत्रुसलाई धेरै मानिसहरुको अगाडि यरुशलेममा प्रचार गर्न प्रयोग गर्नुभयो (प्रेरित २ अध्याय)।

त्यसरी नै हाम्रो असफलतामा परमेश्वरले अचम्म मान्नुहुन्न किनभने खीष्टलाई ग्रहण गरिसकेपछि हामी धेरै पल्ट असफल भएका हुन्छौं। हामीले पाप गर्दछौं। उहाँलाई धोका दिन्छौं जुन कुरा हामीले घृणा गर्छौं त्यही कुरा हामीले गर्छौं।

३. जब हामी परमेश्वरको अगाडि असफल हुन्छौं तब हामीले के गर्नुपर्छ ?

त्यस रात दुईजना व्यक्तिहरुले येशूलाई धोखा दिए। येशूलाई धोखा दिनेमध्ये एकजना पत्रुस थिए जसलाई परमेश्वरले धेरै शक्तिसाथ प्रयोग गर्नुभयो । अर्को चाहिँ यहूदा थियो जसले येशूलाई धोखा दियो र तुरुन्तै गएर आत्महत्या गरी मऱ्यो । यहूदाले धेरै पाप गरेको कारण असफल भयो भनेर धेरैले विश्वास गर्दछन् । तर यस्तो होइन । बाइबलले हामीलाई सिकाउँदछ कि हामी सबै पापी हौं र हामीले परमेश्वरलाई धोखा दिएका छौं र धोखाको सजायँ अनन्त दण्ड हो । तर यदि यो सत्य होइन भने, यहूदाको दुःखान्तको गल्ती के थियो ? यहूदाले आफ्नो पापको पश्चाताप गरेन र परमेश्वरको क्षमादानको खोजी गरेन ।

धेरै जनाले आफूले गरेको गल्ती थाहा पाउँछन्। धेरै जनाले आफूले गरेको खराब कामको लागि दोषी महशुस गर्दछन्। केहीले डरलाग्दो काम गर्दछन् र परमेश्वरले कहिल्यै त्यसको कामको क्षमा गर्नुहुन्न भन्ने ठान्दछन्। तर बाइबलले यो सत्य होइन भनी सिकाउँदछ ।

१यूहन्ना १:९ मा यसरी भनिएको छ, "यदि हामीले आफ्नो पापहरु स्वीकार गऱ्यौं भने उहाँले हाम्रो पाप क्षमा गर्नुहुन्छ र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ ।"

यसको अर्थ यो हो कि यदि कुनै व्यक्ति :

- परमेश्वरकहाँ आउँछ,
- आफूले गरेका कामहरु परमेश्वरलाई भन्दछ,
- पश्चाताप गर्छ,
- परमेश्वरसँग उसले गरेको पापको क्षमा माग्छ भने,
- त्यसलाई त्यसको पापको क्षमा गर्न परमेश्वर विश्वासयोग्य हुनुहुन्छ, चाहे त्यो जस्तोसुकै भयानक पाप किन नहोस् त्यसलाई शुद्ध गर्न खीष्ट येशूले क्रूसमा गर्नुभएको बलिदान प्रयाप्त छ ।

यसको अर्थ यो पनि हुन्छ, प्रभु येशूको अनुयायी भएको कारण हामीले पापको कारण हराएको जीवन जिउनुहुँदैन, त्यो पाप परमेश्वरले अघि नै क्षमा गरिसक्नुभएको छ । हामीले अब आत्मग्लानीमा जिउनुपर्दैन, किनभने खीष्टले अघि नै ती कार्यहरु बिर्सिदिइसक्नुभएको छ र क्षमा गर्नुभएको छ । पत्रुसले आफ्नो पापको लागि पश्चाताप गरेको कारण उनी परमेश्वरद्वारा प्रयोग गरिने योग्यको भएका थिए । त्यसरी नै हामीले पनि पश्चाताप गर्न सक्दछौं र परमेश्वरद्वारा प्रयोग हुन योग्य सक्दछौ ।



साँच्चै नै यहूदाको हृदयमा दुष्टता भरिएको थियो । एउटा निर्दोष असल साथीलाई धोखा दिनु र क्रूसमा झुण्डिएर दुःखपूर्ण मृत्यु भोग्न लगाउनु ज्यादै डरलाग्दो कार्य हो । तैपनि सत्य यही हो कि त्यो चाहिँ यहूदाको जीवनको लागि परमेश्वरको योजना थियो । यहूदा पनि परमेश्वरद्वारा क्षमा पाउन योग्यको थियो । क्रूसमा खीष्ट येशूले गर्नुभएको बलिदान यहूदालाई समेत क्षमा गर्न प्रयाप्त थियो । यदि ऊ खीष्टकहाँ आएको मात्र भए उसले क्षमा पाउन सक्दथ्यो, तर उसले खीष्टकहाँ आउनुको सट्टा उसको जीवनमा भएको आत्मग्लानीलाई उसले आफ्नो जीवनलाई नियन्त्रण गर्न दियो । यो उसले सहन सक्नेभन्दा धेरै भएकोले ऊ आत्महत्या गरी मऱ्यो ।

४. येशूले आफ्ना चेलाहरुलाई भन्नुभयो, पाप क्षमाको निम्ति उहाँले रगत बगाउनुभएको कारण परमेश्वरसँग हाम्रो करार सम्भव भएको छ। परमेश्वरको क्षमा पाउनको लागि हामीले केही पनि गरेका छैनौं। एकचोटी हामीले खीष्टलाई हाम्रो हृदयमा ग्रहण गरिसकेपछि यो कसैले पनि खोस्न सक्दैन। एफिसी १:१३-१४ले भन्दछ, "उहाँमा विश्वास गऱ्यौ, उहाँमा नै तिमीहरुलाई प्रतिज्ञा गरिएको पवित्र आत्माको छाप लगाइएको थियो।" परमेश्वरको आफ्नो सम्पत्ति, अर्थात् हामीहरुले हाम्रो पूर्ण उद्धार नपाएसम्म उहाँका महिमाको प्रशंसाको निम्ति पवित्र आत्मा हाम्रो उत्तराधिकारीको बैना हुनुहुन्छ । यूहन्ना ३:१६ ले भन्दछ कि तपाईसँग अनन्त जीवन छ । एक चोटी खीष्ट येशू तपाईमा आउनुभएपछि, उहाँले तपाईलाई कहिल्यै पनि छोड्नुहुन्न । त्यही घडीदेखि नै तपाई अनन्तको लागि बचाइनुभएको छ र तपाईले बलिदानको सम्झना गर्नुपर्छ र पाप गर्न छोड्नुपर्छ । प्रत्येक दिन हामीले परमेश्वरको आज्ञाअनुसार जिउनुपर्छ । तर १यूहन्ना २:१ ले भन्दछ् कि यदि हामीले पाप गऱ्यौं भने, हामीभित्र को रहनुहुन्छ भन्ने हामीले याद गर्नुपर्छ। हामीले याद गर्नुपर्छ कि हामी भित्र येशू रहनुहुन्छ जसले हाम्रो पक्षमा पितासँग बोलिदिनुहुन्छ । उहाँले हाम्रो सट्टामा हाम्रो निम्ति पापको मूल्य चुकाउनुभयो ।

## छलफल

१. तपाईले पत्रुस र यहूदाको बारेमा के विचार गर्नुहुन्छ ?
२. तपाईको लागि क्षमादान शब्दको अर्थ के हो ?
३. के तपाईले यहूदाले जस्तो आफूलाई पापी अनुभव गर्नुभएको छ ?
४. चर्को गरी नभन्नुहोस् तर यो सम्भव छ कि तपाईले केही खराब गर्नुभएको तपाईले थाहा पाउनुभयो र के तपाईलाई खीष्टको क्षमादानलाई ग्रहण गर्न अप्ठ्यारो भएको छ ?
५. यस्तो परिस्थितिमा तपाईको लागि येशूको वचन के हो ? १यूहन्ना १:९ चर्को गरी पढ्नुहोस् ।

प्रत्येकले आफ्नो शिर झुकाउनुहोस् र तपाईको हृदयमा जे छ परमेश्वरसंग बोल्नुहोस्, यदि त्यहाँ पाप छ भने, पश्चाताप गर्नुहोस् । यदि आत्मग्लानी छ भने, निकाल्नको लागि प्रभुलाई भन्नुहोस् । खुल्ला रुपमा आफ्नो पाप स्वीकार गर्नुहोस्, खीष्टले क्रूसमा गर्नुभएको बलिदान नै हाम्रा पाप क्षमाको लागि प्रयाप्त छ । यो सत्यतालाई दाबी गर्नुहोस् ।

✶ तपाईले तपाईको पाप क्षमा पाइसकेपछि पनि शैतानले तपाईको विचारमाथि दोष लगाइरहेको हुन सक्दछ । यी विचारहरु तपाईलाई परमेश्वरबाट आएका होइनन् । दोषहरु साँचो होइनन् तर झूटा हुन् । यदि परमेश्वरले अघि नै तपाईलाई क्षमा गरिसक्नुभएको कुरालाई झूटा तुल्याइ दोषहरु तपाईमा सैतानले ल्याउँछ भने, यसलाई रोक्नुहोस् र प्रार्थना गर्नुहोस् । प्रभुलाई भन्नुहोस्,

"येशू धन्यवाद मेरो पाप (तपाईले गर्नुभएको पाप पनि भन्नुहोस्) क्षमा गर्नुभएको लागि प्रभु धन्यवाद, किनभने तपाईको बलिदान मेरो पाप क्षमा गर्नको लागि प्रयाप्त छ । म तपाईको रगतमा भरोसा गर्दछु । प्रभु मेरो मनमा भएका दोषी विचारहरुलाई निकालिदिनुहोस् ।"

परमेश्वर विश्वासयोग्य हुनुहुन्छ र उहाँले यसो गर्नुहुन्छ । शैतानले जब तपाईलाई आक्रमण गर्छ, यदि तपाईले त्यसबेला प्रार्थना गर्नुभयो भने, त्यो लामो समयसम्म रहन सक्दैन र त्यसले तपाईलाई आक्रमण गर्न छोड्नेछ । अनि तपाई यस्ता दोषी विचारहरुबाट सधैंको लागि मुक्त हुनुहुनेछ । जीवनको हरेक क्षेत्रमा हामीले खीष्ट येशूमा विजय पाएका छौं ।

## पाठ ७

# खीष्टलाई क्रूसमा टाँगिएको घट्ना

**(मत्ती २६-२७)**

**"किनकि क्रूसको सन्देश नष्ट भैसकेकाहरुका निम्ति मूर्खता हो, तर हामी उद्धार पाइरहेकाहरुका निम्ति परमेश्वरको शक्ति हो ।" (१कोरिन्थी १:१८)**

## पुनरावलोकन

१. भविष्यवक्ता यशैयाले बताए कि येशूको नाउँ इम्मानुएल राखिनेछ, जसको अर्थ परमेश्वर . . . . . . . . . . हो ।
२. येशूले भन्नुभयो, एक जनालाई मात्रै उहाँ कहिले आउनुहुन्छ भन्ने थाहा छ । उहाँ . . . . हुनुहुन्छ ।
३. आफ्नो . . . .को पश्चाताप गर्ने धेरैलाई बप्तिस्मा दिने यूहन्नाले उजाड स्थानमा बप्तिस्मा दिए ।
४. येशूले तीन पल्टसम्म परमेश्वरको . . . प्रयोग गरेर शैतानलाई जवाफ दिनुभयो ।
५. यदि हामीले परमेश्वरलाई अझै राम्रोसँग जान्न चाहन्छौं भने, हामीले . . . . . उहाँसँग समय बिताउन जरुरी हुन्छ ।
६. येशूले हामी सबैलाई मानिसका . . . हुन बोलाउनुभयो ।
७. येशूले आफ्ना चेलाहरुलाई . . . नहुन भन्नुभयो, किनभने उहाँ तिनीहरुसँग हुनुहुन्छ ।
८. संसारमा येशूले आफ्नो समय सभाघरहरुमा . . . .परमेश्वरको राज्यको बारेमा . . . . गर्दै र मानिसहरुको रोगहरु . . .. पार्दै बिताउनुभयो ।

९. येशूले आफ्ना चेलाहरुलाई “तिमीहरु सबै मानिसहरु कहाँ जाओ तर सर्प जस्तो . . . . र . . . जस्तो निर्दोष हुनु” भन्नुभयो ।

१०. येशूले भन्नुभयो, उहाँलाई हाम्रो . . . को . . . को पनि सङ्ख्या थाहा छ ।

११. भाले बास्नुअघि . . . . . ले उहाँलाई तीनचोटी इन्कार गर्नेछ भनी येशूले जैतुनको डाँडामा पहिल्यै बताउनुभयो ।

१२. . . . . चेला थियो जसले चाँदीको तीस सिक्कामा येशूलाई बेचेको थियो ?

१३. . . . . ले आफूले उहाँलाई धोखा दिएको कुरा पश्चाताप गरेपछि परमेश्वरले उनलाई चलाउनुभएको थियो ।

१४. . . . . . ले आफूलाई दोषी अनुभव गरेको कारण आत्माहत्या गऱ्यो ।

१५. बाइबलले सिकाउँदछ, यदि हामीले आफ्ना पापहरु . . . .गऱ्यौं भने उहाँले हाम्रा पाप . . . . गर्नुहुन्छ र . . . . अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ ।

जब येशूलाई कैयाफाको घरभित्र झूटा दोष लगाइरहिएको थियो, त्यही समयमा पत्रुस त्यो घरबाहिर बसिरहेका थिए । कसैले पनि उहाँलाई मृत्युदण्ड दिने प्रमाण भेट्टाएनन् । येशू चुपचाप रहनुभयो, उहाँले आफ्नो सुरक्षाको लागि मुख खोल्नुभएन । केही गर्न नसकिने भएर कैयाफाले येशूलाई सोधे, “हामीलाई बता कि तँ परमेश्वरको पुत्र ख्रीष्ट होस् ?”

अन्त्यमा येशूले आफ्नो मुख खोलेर तिनलाई भन्नुभयो, “तपाईले नै भनिहाल्नुभयो । तापनि म तपाईलाई भन्दछु, अब उप्रान्त तपाईहरुले मानिसको पुत्रलाई सर्वशक्तिमानको दाहिने हातपट्टि बसेको र आकाशको वादलमा आइरहेको देख्नुहुनेछ ।”

कैयाफाको लागि यति प्रमाण नै प्रयाप्त थियो र उसले उहाँलाई दोषी प्रमाणित गर्दै आफ्नो लुगा च्यात्यो । तब तिनीहरुले येशूको मुखमा थुकेर उहाँलाई मुक्का लगाए, उहाँलाई गिल्ला गरेर र उहाँलाई थप्पड हाने ।



बिहान भएपछि, मुख्य पूजाहारीहरु र जनताका धर्मगुरुहरुले उहाँलाई बाधेर यहूदीयाको हाकिम पिलातसकहाँ लगे । उनले येशूलाई सोधे, “के तिमी यहूदीहरुका राजा हौ ?” अनि येशूले भन्नुभयो, “तपाई नै यसो भन्नुहुन्छ ।” मुख्य पूजाहारीले उहाँमाथि दोष लगाए तर उहाँले केही जवाफ दिनुभएन । उहाँ चुपचाप रहनुभएको र कुनै दोषको जवाफ नदिनुभएकोले हाकीम पिलातस पनि छक्क परे । पिलातसले उहाँमा केही दोष नभेटेको कारण उहाँलाई शान्तिपूर्ण रुपमा छोडिदिन चाहे ।

निस्तार चाड, यहूदीहरुको विदाको दिनमा मानिसहरुले चाहेबमोजिम हाकिमले एकजना कैदी छोडिदिने प्रथा थियो । यस वर्ष दुईजनालाई हाकिमले अगाडि ल्यायो, एकजना बारब्बा नाउँ भएको कुख्यात कैदी र येशू । पिलातसले तिनीहरुलाई सोधे, तिमीहरुका लागि म कसलाई छोडिदिऊँ । अनि मानिसहरुले चर्को स्वरमा भने, “बारब्बालाई छुट्टाइयोस् र येशूलाई क्रूसमा टाँगियोस् ।” तब तिनले भने, “येशूले के अपराध गरेका छन् र ?” तर तिनीहरु यसो भन्दै चिच्याए, “त्यो क्रूसमा टाँगियोस् ।” तर केही सीप नलागेको देखेर, बरु खैलाबेबला मच्चिन्छ भन्ने डरले पिलातसले भने, “तिमीहरु आफै जान, म यस मानिसको रगतदेखि निर्दोष छु ।” किनभने मानिसहरु नियन्त्रणभन्दा बाहिर थिए । मानिसहरुले यसो भन्दै जवाफ दिए, “तर उसको रगत हामीहरु र हामीहरुका सन्तानमाथि परोस् ।” तब तिनले बारब्बालाई छोडिदिए, तर येशूलाई कोर्रा लगाएर क्रूसमा टाँगिनलाई सुम्पिदिए ।

जब उहाँलाई महलमा लगियो, त्यहाँ तिनीहरुले उहाँलाई कोर्रा लगाए र उहाँको वस्त्र फुकालेर उहाँलाई बैजनीवस्त्र लगाइदिए । तिनीहरुले काँढाको मुकुट गुथेर उहाँको शिरमा लगाइदिए र उहाँको दाहिने हातमा निगालो दिए र उहाँको सामु घुँडा टेकेर उहाँलाई थुके र त्यो निगालो लिएर उहाँको शिरमा हिर्काए ।

उहाँको गिल्ला गरिसकेपछि तिनीहरुले त्यो वस्त्र फुकाइदिए र उहाँको आफ्नै वस्त्र पहिराएर उहाँलाई क्रूसमा झुण्ड्याउन लगे । उहाँलाई क्रूसमा झुण्ड्याइएको ठाउँलाई गोलगथा भनिन्छ जसको अर्थ खोपडी हो । जाँदाजाँदै तिनीहरुले सिमोन नाउँ भएको कुरेनीको एकजना मानिसलाई भेट्टाए र तिनीहरुले त्यसलाई उहाँको क्रूस बोक्न कर लगाए ।

तिनीहरुले येशूलाई क्रूसमा टाँगेपछि चिट्ठा हालेर उहाँका वस्त्रहरु आपसमा बाँडे । उहाँको मृत्यु भएको हेर्नलाई तिनीहरु क्रूसको तलतिर उभिइरहेका थिए । मुख्य पूजाहारीहरु र अरु अगुवाहरु पनि उहाँ झुण्डिनुभएको हेर्नलाई आए र उहाँको गिल्ला गर्दै यसरी भने, "शक्ति छ भने क्रूसबाट ओर्लेर आइजा ।" अरु धेरै मानिसहरु उहाँ क्रूसमा झुण्डिनुभएको हेर्नलाई आए र उहाँको ठट्टा गरे । अनि उहाँसँग क्रूसमा झुण्ड्याइएका दुईजना डाँकुहरुमध्ये एउटाले पनि यही किसिमले उहाँको अपमान गऱ्यो ।

तर मध्यान्हदेखि तीन बजेसम्म सारा देशमा अन्धकार भयो । तब येशू ठूलो सोरले कराउनुभयो, "इलोइ इलोइ लामा सबखथनी ?" अर्थात्, "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईले मलाई किन त्याग्नुभयो ?" यो सुनेर तिनीहरुमध्ये एकजनाले झट्टै दगुरेर गइ एउटा स्पन्ज दिइ सिर्कामा चोपेर निगालोमा राखी उहाँलाई पिउन दियो । अरुले भने यो एक्लै छ, "हेरौं कतै एलिया यिनलाई बचाउन आउँछन् कि ।" तब येशू फेरि ठूलो सोरले कराउनुभयो र आफ्नो प्राण त्याग्नुभयो ।"

उहाँको मृत्यु भएपछि, यरुशलेमभरि नै अनौठा घट्नाहरु घटे । यी घट्नाहरुले उहाँ के हुनुहुन्थ्यो भन्ने कुरा प्रमाणित गरिदिएका थिए । मन्दिरको बीचमा भएको पर्दा त्यसै घडी टुप्पादेखि फेदसम्म दुई भाग भएर च्यातियो, जमीनहरु काँप्न थाल्यो र चट्टानहरु फुटे, चिहानहरु उघारिए र सुतिगएका धेरै सन्तहरुको मृत शरीर जीवित भइ उठे र तिनीहरु चिहानबाट निस्के र यरुशलेम वरिपरी धेरैकहाँ देखापरे ।

साँझ परेपछि अरिमथियाका योसेफ नाउँ भएका एकजना धनी मानिस आए र तिनले पिलातसकहाँ गइ येशूको मृत शरीर मागे र पिलातसले सो दिनलाई हुकुम गरे । योसेफले मृत शरीर लगे र सफा मलमलको कपडाले बेह्रे र तिनलाई चट्टानमा खोपेर बनाएका आफ्नै नयाँ चिहानमा त्यो राखे र चिहानको मुखमा एउटा ठूलो ढुङ्गा गुडाइदिए ।



## मौखिक प्रश्नहरु

१. कैयाफाको घरमा यहूदी अगुवाहरुले येशूलाई कसरी दोषी ठहऱ्याए ?

२. येशूले आफूलाई दोष लगाउनेहरुलाई कस्तो जवाफ दिनुभयो ?

३. आफूलाई दोष लगाउनेहरुको अगाडि येशू चुपचाप लागिरहेको देखेर पिलातसले कस्तो प्रतिक्रिया जनाए ?

४. बारब्बा को थियो ?

५. रोमी सिपाहीहरुले येशूसँग कस्तो व्यवहार गरे ?

६. उहाँलाई क्रूसमा टाँगेपछि पूजाहारीहरु र अरु मानिसहरुले कस्तो व्यवहार गरे ?

७. मध्यान्हदेखि तीन बजेसम्म संसारमा के भएको थियो ?

८. आफ्नो प्राण त्याग्नुभन्दा पहिले येशूले चर्को स्वरले कराएर के भन्नुभएको थियो ?

९. येशूको मृत्युमा कस्ता अचम्मका घट्नाहरु घटे ?

१०. अरिमथियाका योसेफले येशूको शरीरलाई के गरे ?

# आत्मिक सत्यताहरु

## मत्ती २६-२७

परमेश्वरको मार्ग मानिसहरुको मार्ग होइन । आउनुहोस् हामी सबैले १कोरिन्थी १:१८-२१, २७ पढौं । यो खण्डलाई २-३ पटकसम्म पढ्नुहोस्, अनि यहाँ बाइबलले केको बारेमा भनिरहेको छ भन्ने विचार गर्नुहोस् ।

> **"किनकि क्रूसको सन्देश नष्ट भइरहेकाहरुका निम्ति मूर्खता हो, तर हामी उद्धार पाइरहेकाहरुको निम्ति परमेश्वरको शक्ति हो । किनभने लेखिएको छ :**
>
> **'म बुद्धिमानहरुको बुद्धी नष्ट पार्नेछु र चतुरहरुको चतुऱ्याइँ विफल तुल्याउनेछु ।'**
>
> **बुद्धिमान कहाँ छ ? शास्त्री कहाँ छ ? यस युगका तर्क गर्नेहरु कहाँ छन् ? के परमेश्वरले यस संसारको बुद्धिद्वारा परमेश्वरलाई चिन्न नसकेकोमा मूर्ख तुल्याउनुभएन र ? संसारले आफ्नै बुद्धिद्वारा परमेश्वरलाई चिन्न नसकेको हुनाले बुद्धिअनुसार हामीले प्रचारको सुसमाचारको मूखर्ताद्वारा नै विश्वास गर्नेहरुलाई बचाउन परमेश्वरले उचित ठहराउनुभयो . . . तर बुद्धिमानहरुलाई शर्ममा पार्न परमेश्वरले संसारका मूर्ख कुराहरुलाई छान्नुभयो र शक्तिशालीलाई सर्ममा पार्नलाई परमेश्वरले संसारका निर्बल कुराहरुलाई छान्नुभयो ।"**

*परमेश्वरको मार्ग मानिसको मार्ग होइन भन्ने कुरा हामीले खीष्टको जीवनबाट थाहा पाउन सक्खछौं ।*

- ❖ *जब सांसारिक राजाहरु जन्मन्छन् उनीहरु राजदरवारमा जन्मिन्छन् । तर परमेश्वरले राजाहरुका राजालाई गरिबीमा जन्म दिइ पठाउनुभयो ।*





- ❖ *यदि एक जना व्यक्तिकहाँ महत्वपूर्ण सन्देश लिएर कोही जान्छ भने उसले राम्रो लुगा लगाएर चिटिक्क परेर र राम्रो कारमा चढेर समाचार दिन गएको हुन्छ । तर परमेश्वरले ऊँटका रौंको वस्त्र र छालाको पटुका बाँधेका बप्तिस्मा दिने यूहन्नालाई उजाडस्थानमा येशूको आगमनको सुसमाचार सुनाउन पठाउनुभयो ।*
- ❖ *जब सांसारिक राजाको शत्रु हुन्छ उसले सजिलै शत्रुमाथि विजय पाउन सक्दछ । उसले आफ्नो शत्रुलाई तुरुन्तै नाश पार्न सक्छ । तर येशू आफै सैतानबाट परीक्षित हुन उजाड स्थानमा जानुभयो र उहाँले सैतानलाई नाश पार्नुभएन ।*
- ❖ *जब सांसारिक राजाले आफ्ना साथीहरु छान्छ उसले धेरै ज्ञानी, राम्रो स्कूलमा पढेको सम्पन्न परिवारबाट आएको र धेरै रुपैयाँ पैसा भएको मात्र छान्छ । तर येशूले साधारण व्यवसाय गर्ने व्यक्तिहरु जस्तै माछा मार्नेहरु र कर उठाउनेहरुबाट साथी छान्नुभयो ।*
- ❖ *सांसारिक राजाले मानिसहरुलाई उसको आज्ञा मान्ने कर गर्दछ उसको आज्ञा नमान्नेहरुलाई सजायँ दिन्छ । तर येशूले हामीलाई प्रेम गर्न सिकाउनुभयो । उहाँकोपछि लाग्ने वा नलाग्ने भन्ने कुराको निर्णय गर्न उहाँले मानिसहरुलाई नै अधिकार दिनुभयो ।*
- ❖ *सांसारिक राजाले उसको निम्ति अरुले काम गरिदिएको चाहन्छ, कर लिन्छ र उसलाई धोखा दिनेको हत्या पनि गर्दछ । तर येशू हाम्रो पापको ज्याला तिर्नको लागि क्रूसमा मर्नुभयो, हामी स्वतन्त्र हौं र अनन्तसम्म उहाँसँग जिएको उहाँ चाहना गर्नुहुन्छ ।*
- ❖ *जब सांसारिक राजा मर्छ उसको ठाउँमा उसको छोराले राज्य गर्दछ तर जब येशू भर्नुभयो, उहाँ बौरी उठ्नुभयो र उहाँले अनन्तको लागि राज्य गर्नुहुन्छ ।*

*येशू मानिस मात्र हुनुहुन्न । उहाँ परमेश्वर हुनुहुन्छ । हामीले उहाँको आराधना, उपासना गर्नुपर्दछ र उहाँको आज्ञा पालन गर्नुपर्दछ । उहाँले हामीलाई प्रेम गर्नुहुन्छ र हाम्रो लागि उत्तम चाहनुहुन्छ । यस पृथ्वीमा उहाँको जीवन पूरा रुपमा बुझ्न नसकिने जस्तो छ । परमेश्वरको मार्ग यति महान छ कि हाम्रो सानो दिमागले त्यसलाई बुझ्न सक्दैन ।*

*बाइबलले हामीलाई सिकाउँदछ कि प्रभुले प्रेम गर्नुहुन्छ ता कि हामीले पनि उहाँको प्रशंसा गर्नुपर्छ । साधारणतया प्रशंसाको अर्थ तपाईले पाएको आशिष अरुलाई भन्नु हो । तपाईको जीवनमा उहाँले गर्नुभएको कामको वर्णन गर्नु, उहाँलाई तपाईले कति धेरै प्रेम गर्नुहुन्छ सो उहाँलाई भन्नु हो । परमेश्वरको लागि हाम्रो हृदयमा कति प्रेम छ सो उहाँले सुन्न चाहनुहुन्छ । उहाँले यसरी भनेको चाहनुहुन्छ, "प्रभु तपाईले मलाई प्रेम गर्नुभएको कारण म तपाईलाई प्रेम गर्छु ।" यी कुराहरुले व्यक्तिगत रुपमा परमेश्वर तपाईको लागि को हुनुहुन्छ भन्ने कुरा देखाउँछन् ।*

*यदि हामीले खीष्टको जीवन र मृत्युको बारेमा विचार गर्छौं भने, संसारका सृष्टिकर्ता परमेश्वरले हाम्रो निम्ति के गर्नुभयो सो विचार गर्दा हामीलाई अचम्म लाग्न सक्दछ । हाम्रो निम्ति उहाँको प्रेम हाम्रो समझभन्दा बढी छ । उहाँका मार्गहरु र विधिहरु एकदमै महान र उत्तम छन् कि जसको विषयमा धन्यवाद दिन पनि कठिन हुन सक्दछ । आउनुहोस् हामीले यसलाई एकछिनको लागि यहीँ बन्द गरौं र परमेश्वरलाई प्रशंसा चढाऔं ।*

*हामी यहाँ छोटो प्रार्थना गर्न गइरहेका छौं । आउनुहोस् हामी सबैले आफ्नो शिर निहुराऔं र परमेश्वरको बारेमा, येशू संसारमा हुँदा गर्नुभएको सेवकायीको बारेमा, उहाँको दोस्रो आगमनको बारेमा र अहिले हाम्रो जीवनमा उहाँले के गर्दै हुनुहुन्छ भन्ने बारेमा विचार गरौं । त्यसपछि आफ्ना अनुभवहरु परमेश्वरलाई भनौं । उदाहरणको लागि, "प्रिय पिता मलाई बचाउनुभएको लागि म तपाईलाई धन्यवाद दिन्छु ।" अनि अर्को व्यक्तिले अर्को वाक्यमा भन्दछ, "पिता परमेश्वर, तपाई मेरो पिता हुनुहुन्छ ।" यसरी प्रत्येकले आत्माद्वारा अगुवाइ भएअनुसार धेरै चोटी प्रार्थना गर्न सक्दछ । यो समयमा हाम्रो हृदयमा भएको कुरा एक-अर्कालाई बाड्नेछौं । यसरी हामी एक-अर्काको लागि प्रार्थना गर्नेछौं ।*

अगुवाले सदस्यहरुलाई प्रतिदिन प्रार्थनामा परमेश्वरको स्तुति प्रशंसा गर्नुपर्ने कुरा सिकाउनुपर्छ । हप्ताभरि उनीहरुको व्यक्तिगत समय परमेश्वरसँग कस्तो भैरहेको छ सोध्न नभुल्नुहोला । दुःखमा परेकाहरुलाई उत्साह दिनुहोस् ।

## पाठ ८

# खीष्टको पुनरुत्थान

**(मत्ती २७)**

**"किनभने जुन योजनाहरु मैले तिमीहरुका निम्ति बनाएको छु, ती म जान्दछु, परमप्रभु भन्नुहुन्छ । ती तिमीहरुका उन्नतिको निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरुलाई आशा र भविष्य दिनलाई ।" (यर्मिया** २९:११)

## पुनरावलोकन

१. भविष्यवक्ता यशैयाले बताए कि येशूको नाउँ इम्मानुएल राखिनेछ, जसको अर्थ परमेश्वर . . . . . . . . . . हो ।

२. येशूले भन्नुभयो, एक जनालाई मात्रै उहाँ कहिले आउनुहुन्छ भन्ने थाहा छ । उहाँ . . . . हुनुहुन्छ ।

३. आफ्नो . . . .को पश्चाताप गर्ने धेरैलाई बप्तिस्मा दिने यूहन्नाले उजाड स्थानमा बप्तिस्मा दिए ।

४. येशूले तीन पल्टसम्म परमेश्वरको . . . प्रयोग गरेर शैतानलाई जवाफ दिनुभयो ।

५. यदि हामीले परमेश्वरलाई अझै राम्रोसँग जान्न चाहन्छौं भने, हामीले . . . . . उहाँसँग समय बिताउन जरुरी हुन्छ ।

६. येशूले हामी सबैलाई मानिसका . . . हुन बोलाउनुभयो ।

७. डुङ्गामा येशूले चेलाहरुलाई . . . . . . . भन्नुभयो ।

८. येशूको हृदय मानिसहरुको लागि दयाले भरियो किनभने तिनीहरु . . . . . . . . . भएका थिए ।

९. येशूले आफ्ना चेलाहरुलाई प्रचार कार्यमा पठाउँदा यसो भन्नुभयो : तिमीहरु . . . .झैं चनाखो र . . . .झैं निर्दोष हुनु ।

१०. पत्रुसले तीन चोटीसम्म उहाँलाई . . . . भनेर इन्कार गरे ।

११. यहूदाले चाँदीका . . . . सिक्कामा येशूलाई बेचेर विश्वासघात गर्‍यो ।

१२. हामीले आफ्ना पाप स्वीकार गर्‍यौ भने येशूले हाम्रा सबै पापहरु . . . . गर्नुहुन्छ ।

१३. रोमी सिपाहीहरुले उहाँसँग कस्तो व्यवहार गरे ?

१४. येशू क्रूसमा मर्नुभएको . . . .लाई प्रधान पूजाहारीहरु क्रूसको तल आए ।

१५. येशूले आफ्नो प्राण त्याग्नुभएपछि धेरै विचित्रका घट्नाहरु घटे, जसमध्ये सुतिरहेका सन्तहरु उठी येशरुशलेमभरि . . . . . . . ।

१६. अरिमथियाको योसेफले येशूको शरीरलाई . . . . . . . . . . लगे ।

येशूलाई क्रूसमा टाँगेपछि अर्थात् भोलिपल्ट मुख्य पूजाहारीहरु र फरिसीहरु पिलातसकहाँ भेला भए, तिनीहरुले पिलातसलाई भने, “येशूले जिउँदो छँदा उसले तीन दिनपछि बौरी उठ्नेछु भनी भविष्यवाणी गरेको थियो । त्यसकारण त्यसलाई विशेष सुरक्षा दिऔं नत्र भने कसैले पनि चोर्न सक्नेछ ।” तिनीहरुको भनाइमा पिलातस सहमत भए । तिनीहरु गएर चिहानको प्रवेशद्वारमा राखिएको ढुङ्गामा मोहोर लगाए, अनि पहरेदारहरु खटाएर चिहानलाई सुरक्षित राखे ।

अब विश्रामपछि साताको पहिलो दिन मरियम मग्दलिनी र अर्की मरियम चिहान हेर्नलाई गए । तर जब तिनीहरु त्यहाँ पुगे, त्यहाँ ठूलो भुकम्प गयो र चिहानको प्रवेशद्वारमा राखिएको ढुङ्गा हट्यो र परमप्रभुका एउटा दूत स्वर्गबाट तल ओर्ले । अनि चिहानको प्रवेशद्वारमा मोहोर लगाएर राखिएको



ढुङ्गा हटाएर त्यसमाथि बसे । तिनका रुप विजुलीजस्तो र पोशाक हिउँजस्तो सेतो थियो । चिहानलाई पहरा दिन बसिरहेका पहरेदारहरु डरले थरथर काँपे र मरेतुल्य भए । स्वर्गदूतहरुले ती स्त्रीहरुलाई भने, “तिमीहरु नडराओ । किनभने मलाई थाहा छ तिमीहरु क्रूसमा टाँगिनुभएका येशूलाई खोज्दैछौं । उहाँ यहाँ हुनुहुन्न किनकि उहाँले भन्नुभए बमोजिम उहाँ जीवित भइ उठ्नुभएको छ । आओ, उहाँ राखिएको ठाउँ हेर । तर चाँडो गएर उहाँका चेलाहरुलाई खबर देओ कि उहाँ मृतकबाट जीवित भइ उठ्नुभएको छ र उहाँ तिमीहरुभन्दा अगाडि गालीलमा जादैहुनुहुन्छ । तिमीहरुले उहाँलाई त्यहाँ देख्नेछौं । हेर, मैले तिमीहरुलाई भनिदिएको छु ।” अनि तिनीहरु डर र अति आनन्दसँग झट्टै चिहानबाट निस्केर गए र उहाँका चेलाहरुलाई खबर दिन दगुरे । बाटोमा येशूले तिनीहरुलाई भेट्नुभयो र भन्नुभयो, “शान्ति !” तिनीहरु नजीक आएर उहँका पाउ पक्रेर उहाँलाई दण्डवत गरे । अनि उहँले तिनीहरुलाई भन्नुभयो, “गएर मेरा भाइहरुलाई गालीलमा जानु भनीदेओ र त्यहाँ तिनीहरुले मलाई देख्नेछन् ।”

तब पहरेदारहरु उठे र शहरमा गएर मुख्य पूजाहारीलाई त्यहाँ भएका घट्नाहरुको बारेमा खबर दिए । अनि मुख्य पूजाहारी र धर्म गुरुहरु भेला भए । तिनीहरुले सल्लाह गरे र सिपाहीहरुलाई यसो भनेर धेरै पैसा दिए, “तिमीहरुले भन्नु कि हामी सुतिरहेको बेला त्यसका चेलाहरु आएर त्यसलाई चोरेर लगेछन् । यदि पिलातसले यो कुरा थाहा पाए भने, हामी जसरी पनि तिमीलाई जोगाउनेछौं” भनी तिनीहरुले सिपाहीहरुसँग प्रतिज्ञा गरे । सिपाहीहरुले तिनीहरुलाई पैसा दिए र सिकाए बमोजिम गरे अनि यो कुरा यरुशलेमभरि फैलियो ।

चेलाहरु गालीलको त्यस डाँडामा गए जहाँ येशूले तिनीहरुलाई जाने आदेश दिनुभएको थियो । उहाँ तिनीहरुकहाँ आउनुभयो र तिनीहरुले उहाँलाई देखेर दण्डवत् गरे । तैपनि कतिले उहाँमाथि शङ्का गरे र अनि येशू स्वर्ग उचालिनुभन्दा पहिले उहाँले तिनीहरुलाई अन्तिम शिक्षा दिनुभयो । उहाँले भन्नुभयो, **“स्वर्ग र पृथ्वीमा सबै अधिकार मलाई दिइएको छ । यसकारण जाओ र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता, पुत्र, पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेको सबै कुरा पालना गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छँदैछु ।” आमिन !**

## मौखिक प्रश्नहरु

१. फरिसीहरुले येशूको चिहानमा किन पहरादिन चाहेका थिए ?

२. कुन-कुन २ जना स्त्रीहरु चिहान हेर्न गए ?

३. त्यहाँ पुगेपछि ती स्त्रीहरुले के भएको देखे ?

४. स्वर्गदूतले तिनीहरुलाई के भने ?

५. पहरेदारहरुलाई के भयो ?

६. स्वर्गदूत आएपछि पहरेदारहरुलाई के भयो ?

७. मुख्य पूजाहारीहरुले पहरेदारहरुलाई के दिए ?

८. स्त्रीहरु चेलाहरुलाई खबर दिन गइरहेको बेला कसलाई भेटे ?

९. भेटिसकेपछि उहाँले चेलाहरुलाई कहाँ जानु भन्नुभएको थियो ?

१०. येशू स्वर्ग उचालिनुभन्दा पहिले उहाँले आफ्ना चेलाहरुलाई के आज्ञा दिनुभएको थियो ?

११. युगको अन्तसम्म सधै तिमीहरुसँग हुन्छु भनी येशूले कोसँग प्रतिज्ञा गर्नुभयो ?

# आत्मिक सत्यताहरु

## मत्ती २८

१. येशूको सन्देश हरेक मानिसहरुलाई बताउनुपर्छ। हुन सक्छ, परमेश्वरले तपाईको हृदयमा काम गरिरहनुभएको छ र यो सन्देश अरुलाई सुनाउनको लागि तपाईलाई उहाँको शक्ति र इच्छा दिनुभएको छ। अरुलाई खीष्टको प्रेमको बारेमा भन्नको लागि धेरै तरिकाहरु छन्। एउटा राम्रो तरिका मानिसहरुलाई उहाँको जीवनीद्वारा भन्न सकिन्छ। यो सामाग्री प्रयोग गरेर पनि तपाईले मानिसहरुलाई खीष्टको बारेमा सुनाउन सकिन्छ। चार अध्यायदेखि हामीले मानिसहरुको लागि प्रार्थना गरिरहेका छौं। तपाईमा भएको परिवर्तन अरु मानिसहरुलाई भन्न सक्नुहुन्छ। यदि गर्नुभएको छैन भने यस साता त्यसो गर्ने बाचा गर्नुहोस्।

- कुनै व्यक्तिकहाँ गएर “तपाई धेरै पापी हुनुहुन्छ, तपाईले धेरै खराब काम गर्नुभएको छ, यदि तपाईले पश्चाताप गर्नुभएन भने, कहिल्यै ननिभ्ने आगोमा तपाई फ्याँकिनुहुनेछ” भनी नभन्नुहोस्।
- तिनीहरुको घरमा तपाईसँग छोटो बाइबल अध्ययन गर्नको लागि तिनीहरुलाई भन्नुहोस्। तिनीहरुले बाइबलको बारेमा सिकिरहेको कुरा तिनीहरुलाई भन्नुहोस्। यदि तिनीहरु अझै जान्न इच्छुक छन् भने सात हप्तासम्म त्यस सामाग्रीबाट अध्ययन गराउनुहोस्।
- तपाई तिनीहरुको घरमा जानुहुँदा, एक साथी तपाईसँग लैजानुहोस्। तपाईको बाइबल अध्ययन झूण्डको कसैलाई तपाईले लैजान सक्नुहुन्छ। तपाईको बाइबल अध्ययन झूण्डको अगुवा पनि तपाईसँग जान सक्दछ।
- जब तपाई जानुहुन्छ, तिनीहरुको जीवनमा के भएको छ भन्ने बारेमा कुरा गर्नुहोस्। तिनीहरुको परिवारको सदस्यहरुलाई भेट्नुहोस्,

तिनीहरुको खाँचो के छ सोध्नुहोस् । तिनीहरुको परिवारको लागि, जागिरको लागि, परिवारका सदस्यहरुको लागि प्रार्थना गर्नुहोस् र परमेश्वरको शान्ति त्यस परिवारमा आओस् भनी परमेश्वरसँग बिन्ती गर्नुहोस् ।

➢ येशू ख्रीष्टको जन्मको बारेमा लेखिएको कथाबाट शरु गर्नुहोस् । तिनीहरुलाई प्रश्न सोध्ने मौका दिनुहोस् । तपाईलाई त्यसको उत्तर थाहा छैन भने त्यो ठीकै छ । तिनीहरुलाई भन्नुहोस्, म मेरो बाइबल अध्ययन झूण्डको अगुवालाई सोधेर अर्को हप्ता उत्तर दिनेछु ।

➢ एक घण्टाभन्दा बढी तिनीहरुको घरमा नबस्नुहोस् किनभने यो छोटो बाइबल अध्ययन हो ।

➢ त्यो हप्तामा प्रत्येक दिन, र त्यसपछि प्रत्येक हप्ता यो परिवारको लागि निरन्तर प्रार्थना गर्नुहोस् । तपाईका झूण्डका सदस्यहरुलाई पनि तिनीहरुको निम्ति प्रार्थना गरिदिन अनुरोध गर्नुहोस् ।

**याद गर्नुहोस्** : हामीसँग दुष्ट आत्मा निकाल्ने शक्ति हुँदैन, ख्रीष्टको निम्ति मानिसहरुको आश्यकता पूरा गर्ने सामर्थ्य हामीमा छैन । हामीभित्र रहनुहुने पवित्र आत्मामा मात्र त्यो सामर्थ्य र शक्ति छ । मानिसहरुको रोग निको पार्ने शक्ति उहाँमा मात्र छ । उहाँले मानिसहरुको जीवनबाट दुष्ट आत्मा निकाल्न सक्नुहुन्छ । मानिसको जीवनभित्र भएको पापको साङ्लो ताडेर तिनीहरुलाई पश्चातापमा ल्याउने पनि उहाँ नै हुनुहुन्छ । हाम्रो कर्तव्य अरुलाई सुनाउनु र प्रार्थना गर्नु मात्र हो ।

सायद तपाईसँग यति लामो समय नहोला, तर पनि तपाईले मानिसहरुलाई येशू ख्रीष्टको जन्म, मृत्यु, पुनरुत्थान र दोस्रो आगमनको बारेमा भन्न सक्नुहुन्छ ।

**गर्नुपर्ने कुराहरु :**

● ख्रीष्टको बारेमा तपाईले जानेजति तिनीहरुलाई भन्नुहोस् । उहाँको जन्म, बप्तिस्मा, उहाँको जीवनी, उहाँले गर्नुभएका आश्चर्यकर्म, उहाँको प्रेम, पश्चातापको वचन, उहाँको मृत्यु र बौरी उठाइको बारेमा तिनीहरुलाई भन्नुहोस् ।



● येशू ख्रीष्टको समयका मानिसहरुको बारेमा तिनीहरुलाई भन्नुहोस् । हामी राम्रो मानिस हुँद हुँदै पनि परमेश्वरको अगाडि गल्ती गरेका छौं भनेर बुझाउनुहोस् । यसको अर्थ हामी सबैले पाप गरेका छौं । तिनीहरुलाई पापको उदाहरण दिनुहोस्, जस्तै : झूटो बोल्नु, चोर्नु, घृणा गर्नु, व्यभिचार इत्यादि ।

● प्रभुले बाइबलमा भएका मानिसहरुलाई क्षमा दिनुभएझैं यदि तपाईले पनि पश्चाताप गर्नुभयो भने उहाँले तपाईलाई पनि क्षमा दिनुहुन्छ भनी तिनीहरुलाई बुझाउनुहोस् ।

● बाइबलबाट यूहन्ना ३:१६ पद पढ्नुहोस्, "किनभने परमेश्वरले संसार लाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्ना एक मात्र पुत्र दिनुभयो, ता कि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस् तर त्यसले अनन्त जीवन पाओस् ।"

● मानिसहरुलाई सोध्नुहोस्, यदि कसैले आफ्नो पापको पश्चाताप गर्न चाहन्छ वा ख्रीष्टमा विश्वास गर्न चाहन्छ र परमेश्वरले तिनीहरुलाई दिन सक्नुहुने क्षमादानलाई ग्रहण गर्न चाहन्छ ।

● विश्वास गर्नुको अर्थ आफ्नो जीवनलाई ख्रीष्ट येशूतर्फ फर्काउनु हो भनेर बुझाउनुहोस् । यसको अर्थ ख्रीष्टमा भरोसा गर्नु हो भनेर बुझाउनुहोस् ।

● यदि तिनीहरुले हुन्छ भन्छन् भने तिनीहरुलाई साधारण तरिकामा प्रार्थना गर्न सहायता गर्नुहोस् ता कि तिनीहरुले आफ्नो जीवन परमेश्वरलाई दिन सकून् ।

● यदि तिनीहरुले अस्वीकार गर्दछन् भने, यो समयमा प्रार्थना गर्ने अनुमति तिनीहरुसँग माग्नुहोस् । त्यसपछि परमेश्वरसँग तिनीहरुले आफ्नो जीवनमा उहाँको सत्यतालाई बुझ्न सकून् भनी प्रार्थना गर्नुहोस् ।

**✶ हामीले अरुहरुको बीचमा ख्रीष्ट येशूलाई कसरी प्रस्तुत गर्ने भनी अभ्यास गर्नेछौं । जोडीहरुमा बाँडिनुहोस् र हरेकले अगाडि गएर प्रस्तुत गर्नुहोस् ।**

यो अभ्यासपछि तपाईले यस्तो विचार गर्नुहुन्छ होला, “यो असम्भव छ, मैले खीष्ट येशूको बारेमा कहिल्यै कसैलाई भन्न सक्दिनँ।” यो अध्ययनको अन्तिम यो सत्यताको बारेमा सोच्नुहोस् ।

२. “हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु।” हामीलाई बाइबलले सिकाउँदछ कि, हामीले खीष्टलाई ग्रहण गर्दाको घडीदेखि पवित्र आत्मा हाम्रो जीवनमा वास गर्नुहुन्छ। सायद तपाईले यस्तो अनुभव गर्नुभएको छैन होला तर पवित्र आत्माले अघि नै तपाईको जीवनमा काम गर्दै हुनुहुन्छ (यूहन्ना १४:७) ।

- ➢ हामीले परमेश्वरसँग एक्लै समय बिताउँदा, हरेक दिन उहाँले अर्थात् पवित्र आत्माले हामीलाई सिकाउनुहुन्छ (यूहन्ना १४:२६) ।
- ➢ जब हामीले परमेश्वरको आज्ञाको उल्लङ्घन गर्छौं, उहाँले नै अर्थात् पवित्र आत्माले नै हामीलाई दोषी भएको अनुभव गराउनुहुन्छ। उहाँले नै पहिलो चोटी हामी पापी छौं भन्ने कुरा देखाउनुभयो र हामीलाई खीष्टको क्षमादानको खाँचो महसुश गराउनुभयो (यूहन्ना १६:८-११) ।
- ➢ उहाँले नै अर्थात् पवित्र आत्माले नै हामीलाई बुद्धि दिनुहुन्छ र हाम्रो जीवन प्रतिको परमेश्वरको सिद्ध इच्छामा हामीलाई अगुवाइ गर्नुहुन्छ (यूहन्ना १६:१३) ।
- ➢ जब हामी दु:खित र उदास हुन्छौं उहाँले हामीलाई सान्त्वना दिनुहुन्छ (प्रेरित ९:३१) ।
- ➢ उहाँले हामीलाई विशेष वरदानले भरिपूर्ण पार्नुहुन्छ, जुन कार्य गर्नको लागि हामीले सपनामा पनि सोचेको थिएनौं। अरुलाई खीष्टको बारेमा भन्ने शब्दहरु उहाँले हामीलाई दिनुहुन्छ (१कोरिन्थी १२) ।

हामीले यसरी विचार गर्दछौं, “येशूको अनुयायी जस्तो हुनुपर्ने हो, त्यस्तो म कहिल्यै हुन सक्तिन होला।” हामी विचार गर्छौं होला, “परमेश्वरमा आज्ञाकारी हुन असम्भव छ।” सत्य जहिले पनि सत्य हुन्छ। हामीले खीष्टलाई पछ्याउन र हामी उहाँका अनुयायी हुन सक्छौं ।



यो नै अरुलाई खीष्टको बारेमा भन्ने रहस्य हो । जब हामीले सृष्टिकर्तालाई हाम्रो जीवनमा प्रवेश गर्ने अनुमति दिन्छौं, उहाँले हामीलाई पवित्र आत्माको उपस्थितिद्वारा निरन्तर पवित्र रहने वरदानहरु दिनुहुन्छ। पवित्र आत्माको उपस्थिति हाम्रो शक्ति र बलको श्रोत हो। यो हामीलाई प्रोत्साहन गर्ने कुरा हो। किनभने बाइबलले सिकाउँदछ कि हाम्रो लागि परमेश्वरमा सुन्दर योजना छ। विचित्र विचार र हाम्रो जीवनको लागि सुन्दर उद्देश्य छ। यर्मिया २९:११-१२ मा लेखिएको विशेष प्रतिज्ञा सहित हामीले यो अध्ययनलाई सिध्याउनेछौं ।

> **“किनभने जुन योजनाहरु मैले तिमीहरुका निम्ति बनाएको छु ती म जान्दछु परमप्रभु भन्नुहुन्छ। ती तिमीहरुको उन्नतिको निम्ति हुन् नोक्सानीको निम्ति होइनन्, तिमीहरुलाई आशा र भविष्य दिनलाई। तब तिमीहरु मकहाँ आउनेछौ र मलाई पुकारा गर्नेछौ र म तिमीहरुको प्रार्थना ध्यानसित सुन्नेछु।”**

## तपाईले परमेश्वरलाई जान्न निरन्तर प्रयास गरिरहनुहुँदा परमेश्वरले तपाईलाई आशिष दिनुहोओस् !